
"सहकार्यमा उत्कृष्ट वित्तीय समाधानका लागि चण्डेश्वरी आलोक"
जि.स.का.द.नं. ५४/०५०/५१

पान नं. ३०१३७२६६४

नेफ्स्कून

चण्डेश्वरी
बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

ACCESS BRONZE



२८ औं

वार्षिक प्रगति प्रतिवेदन
२०७६/२०७७

वार्षिक साधारण सभा
२०७७ मंसिर २७ गते, शनिवार

बनेपा-८, करूणामार्ग
फोन नं. ०११-६६२९१४, ६६१७३२

सञ्चालक तथा लेखा समिति


विकास बाटे
अध्यक्ष


अर्क ओझा बाटे
उपाध्यक्ष


रत्न प्रसाद जैशी
सचिव


राजेश कात्री क्षेत्री
सह-सचिव


बलिल साह बाटे
कोषाध्यक्ष


नेत्रमणि शाह प्रधान
सह-कोषाध्यक्ष


अशोक कुमार रसिल
सदस्य


पूर्ण पोटे
सदस्य


विरेन्द्र साह पोटे
सदस्य


रोशना राजवंशी
सदस्य



सदस्य


सुरेन्द्र प्रजापति
लेखा परीक्षक


बुद्धरत्न साहनधर
लेखा सदस्य


बिनय कुमार साहनधर
लेखा सदस्य

सल्लाहकार तथा उप-समिति


बालमाया प्रधान
सल्लाहकार



सल्लाहकार



कलुती पनागन्दता


रोशना राजवंशी
संयोजक महिला



सदस्य महिला



सदस्य महिला


रीता साहनधर
सदस्य महिला


बिमला पोटे
सदस्य महिला


पूर्ण पोटे
संयोजक शिक्षा


रीता बाटे
सदस्य शिक्षा



सदस्य शिक्षा



संयोजक स्वास्थ्य बचत



सदस्य साकुल बचत



सदस्य साकुल बचत

व्यवस्थापन समूह


बाबु लाल बाटे
प्रबन्धक



अधिकृत


रमेश क्षेत्री
अधिकृत



कनिष्ठ कार्यालय सहायक



कनिष्ठ कार्यालय सहायक



कनिष्ठ कार्यालय सहायक



कनिष्ठ लेखा सहायक


सुनिता लाहनधर
कार्यालय सहायक



कार्यालय सहायक


शुशिला प्रधान
कार्यालय सहायक


तिरा क्षेत्री (खड्का)
कनिष्ठ सहायक



कनिष्ठ सहायक

लनिष्ठ बजार सहायक

लनिष्ठ बजार सहायक

सरस्वती लम्साल
कनिष्ठ बजार सहायक

लनिष्ठ बजार सहायक

कनिष्ठ बजार सहायक

कार्यालय सहयोगी

सेक्युरिटी गार्ड

अफिस सहयोगी

संस्थाको २७ औं वार्षिक साधारण सभा


















चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING AND CREDIT CO-OPERATIVE
ATM


एटि.एम. सेवा
ATM
मोबाईल भुक्तानी सेवा
चण्डेश्वरी
UnionPay
623477 9819XXXXXXXX
EXP 12/30
RAVI KUMAR UPADHYAY
SCT
अनलाईन भुक्तानी सेवा
POS सेवा
माध्यम एक, उपयोग अनेक

"सहकार्यमा उत्कृष्ट वित्तिय समाधानका लागि चण्डेश्वरी साकोस"

वार्षिक प्रतिवेदन पुस्तिका

२०७७

प्रकाशन

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.

बनेपा-८, तीनदोबाटो, करुणामार्ग

फोन नं.: ०११-६६२९१६, ६६१७३२

E-mail: chandibachat@mail.org

www.chandeshwori.coop.np

मुद्रण

सर्वश्री क्वालिटी प्रिन्टर्स

बनेपा-७, काभ्रेपलाञ्चोक

फोन नं.: ०११-६६०५८५

मो. नं. ९८५१०२२३९७, ९७५१०२२३९७

यस भित्र

- ☞ अध्यक्षको मन्तव्य
- ☞ सचिवको प्रगति प्रतिवेदन
- ☞ कोषाध्यक्षको प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन तथा आ.व. २०७७/०७८ र कार्ययोजनाको लागि प्रस्तावित बजेट
- ☞ लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
- ☞ शिक्षा तथा समाजकल्याण उप-समितिको प्रतिवेदन
- ☞ महिला विकास उप-समितिको प्रतिवेदन
- ☞ समूह बचत कार्यक्रम संचालन उप-समितिको प्रतिवेदन
- ☞ ऋण तथा अर्थ व्यवस्था उप-समितिको प्रतिवेदन



चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.

बनेपा-८, तिनदोबाटो, काभ्रे

२०७७ मंसिर २० गते देखि मंसिर २७ गते सम्मको २८ औं वार्षिक साधारण सभाको उपस्थिति र छलफल कार्यक्रम

साधारण सभा कार्यक्रम :

मिति	सदस्यता नं. देखि	सम्म
२०७७/०८/२० गते	०००१	१५५९
२०७७/०८/२१ गते	१५६०	३१३०
२०७७/०८/२२ गते	३१३१	५१७०
२०७७/०८/२३ गते	५१७१	६७१६
२०७७/०८/२४ गते	६७१७	७९३१
२०७७/०८/२५ गते	७९३२	९१४०
२०७७/०८/२६ गते	९१४१	१०१५७

समय : बिहान १० बजेदेखि दिउँसो ३ :०० बजेसम्म

स्थान : संस्थाको कार्यालय, बनेपा-८, तीनदोबाटो

निर्णय एकिकरण बैठक तथा प्रतिवेदन प्रस्तुति र सुझाव सम्बोधन : २०७७/०८/२७ गते शनिवार

समय : बिहान ११ : ०० बजे

स्थान : संस्थाको कार्यालय, बनेपा-८, तीनदोबाटो

१. आसन ग्रहण
२. स्वागत मन्तव्य
३. सभापतिको आसन ग्रहण
४. सचिवको प्रगति प्रतिवेदन तथा मन्तव्य
५. कोषाध्यक्षको प्रतिवेदन तथा मन्तव्य
६. लेखा सुपरीवेक्षण समिति संयोजकको प्रतिवेदन
७. उपस्थिति तथा छलफल कार्यक्रमको निर्णयहरू एकीकरण तथा प्राप्त सुझावहरूको सम्बोधन ।
८. धन्यवाद् ज्ञापन ।
९. अध्यक्षको मन्तव्य तथा समापतिबाट सभा समापन

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
.....शाखा
काभ्रेपलाञ्चोक

टे.फोन नं.: ०११-४५०१२३, ०११-४५०३३०, ०११-४५०२२३, ०११-४५०२२३

प.सं.:-
च.नं.:-

धुलिखेल
मिति:.....२०७७/०६/२६

विषय : शुभ-कामना ।

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. बनेपा काभ्रेपलाञ्चोकको २८ औं वार्षिक साधारण सभाको शुभ अवसरमा संस्थाको वार्षिक प्रगति प्रतिवेदन विशेषाङ्क प्रकाशन गर्न लागेकोमा शुभ-कामना दिन पाउँदा मलाई खुशी लागेको छ ।

यस प्रतिवेदन विशेषाङ्कले सहकारीले गरेका आर्थिक एवं सामाजिक गतिविधिलाई समावेश गरी भावी कार्यक्रमहरु समेत समावेश गर्ने हुँदा सहकारीसँग सम्बन्धित सम्पूर्ण महानुभावहरु लाभान्वित हुनेछन् भन्ने विश्वास लिएको छु ।

नेपालको अर्थतन्त्रमा सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहँदै आएको छ । छरिएर रहेको स-सानो पुँजीलाई सङ्कलन गरी सदस्यहरुको आर्थिक अवस्था माथि उठाउन सहकारिता एक भरपर्दो माध्यम बनेको छ तर यदाकदा कुनै कुनै सहकारी संस्थाबाट हुने अवाञ्छित गतिविधिलाई सबै तहबाट हतोत्साहित गर्नु जरुरी छ । यसो गरिएमा सहकारीको सदस्य तथा देशको अर्थतन्त्र समेतले पर्याप्त लाभ प्राप्त गर्न सक्दछ ।

यस सहकारी संस्थाले समाजमा आफ्नो छुट्टै पहिचान बनाई सफलता प्राप्त गर्न सकोस् भन्ने कामना गर्दै संस्थाको २८ औं वार्षिक साधारण सभाको पूर्ण सफलताको हार्दिक शुभ-कामना व्यक्त गर्दछु ।

धन्यवाद !!!

(शिवराम पोखरेल)
प्रमुख जिल्ला अधिकारी

बनेपा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या: ०७६/०७८

चलानी नं.: १०४५

मितिः .....

शुभकामना

बनेपा नगर क्षेत्रलाई आफ्नो कार्य क्षेत्र बनाई संचालित **चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले** आफ्नो २८ औं वार्षिक साधारण सभा हुन लागेको थाहा पाउँदा हामीलाई खुशी लागेको छ । समाजमा छरिएर रहेको पूँजीलाई एकत्रित गराई स्वीकृत कार्यक्षेत्र भित्रका सदस्यहरुको आर्थिक तथा सामाजिक र सांस्कृतिक विकासमा थप टेवा पुऱ्याउँदै आएको र विपन्न वर्गहरुको जीवनस्तर उकास्ने कार्यमा त्यस संस्थाले महत्वपुर्ण भूमिका खेल्दै आगामी दिनमा अझ सक्रियता पूर्वक अगाडि बढ्न सक्ने अपेक्षा हामीले लिएका छौ ।

अन्तमा, त्यस संस्थाबाट आफ्ना सदस्यका साथै जन समुदायमा कोभिड- १९ बारे दैनिक घर बाहिर जान्दा अनिवार्य मास्कको प्रयोग, २/२ मिटरको सामाजिक दुरी कायम गरी हिंड्ने, दैनिक खाना खानु भन्दा अगाडी साबुन पानीले हात धुने र केहि समयको फरकमा सेनिटाईजरको प्रयोग गर्ने आदी सन्देश दिनु भई आफना सदस्यहरुको जीवनस्तर अभिवृद्धि गर्न सफलता मिलोस भन्दै प्रकाशोन्मुख वार्षिक प्रगति प्रतिवेदन प्रकाशन एवं वार्षिक समारोहको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद

मिति: २०७७/०६/२७

लक्ष्मी नरसिंह बादे श्रेष्ठ
प्रमुख
प्रमुख

फोन नं.: प्रमुख ०११-६६२०८१, एक्सटेन्सन ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, फ्याक्स ०११-६६१४१५, पो.ब.नं. ५७४, बनेपा
E-mail: ict.banepamun@gmail.com

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
COOP

शुभकामना

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड १९को संक्रमणको जटिल परिस्थितिमा यसको रोकथाम, नियन्त्रणका लागि समुदायसँग प्रत्यक्ष जोडिएर सहकारी अभियानले खेलेको महत्वपूर्ण भूमिकाको स्मरण गर्दै सम्पूर्ण सहकारीकर्मीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु । यस महामारीका कारण देशभरि भएको लकडाउन तथा निशेधाज्ञाको समयमा सहकारीले स्थानीय, प्रदेश र संघिय सरकारसँग हातेमालो गर्दै विपत्को साथीको रुपमा कार्य गरेकाले यसको महत्व थप उजागर भएको व्यहोरा विदितै छ । जसका कारण हाम्रो सामु थप जवाफदेही भइ जिम्मेवारी बहन गर्नु पर्ने अवसर समेत सिर्जना भएको छ ।

कोभिड-१९को महामारीविरुद्धको अभियानमा विगतमा झै सहकारी अभियानले समुदायको रक्षाका लागि रक्षाकवचका रुपमा कार्य गर्ने विश्वास व्यक्त गर्दछौं । साथै, संयुक्तराष्ट्र संघले सन् २०३० सम्मको लागि तय गरेका दिगो विकास लक्ष्यहरु हासिल गर्नका लागि आफ्नो नीति, बजेट तथा कार्यक्रममा समेत यो विषयलाई प्राथमिकताका साथ समावेश गर्न अनुरोध गर्दछौं । दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रत्येक संस्थाले गरेको योगदानलाई अभिलेख राखी त्यसलाई अभियानको माथिल्लो निकायमा पेश गरी सहकारीको योगदानलाई एकिकृत गर्न समेत अनुरोध छ ।

सदस्य केन्द्रीत व्यवसायिक गतिविधि गर्दै परिणाममूखी कार्यक्रमहरु गरी संस्थाले सदस्यका आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय लक्ष्य हासिल गर्न बनेपा-८,तिनदोबाटो, काभ्रेको **चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.**ले खेलेको भूमिका स्मरणयोग्य रहेको छ । नीति, विधि र प्रविधिको प्रयोग गरी सदस्यलाई सरल र सहज रुपमा सेवा प्रवाह गर्दै आएको संस्थाले आफ्नो गतिविधिहरु समावेश गरेर २८ औं वार्षिक साधारण सभाको अवसरमा वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेको जानकारी पाउँदा अझ खुशी लागेको छ । यस अवसरमा संस्थाका पदाधिकारी, कर्मचारी तथा आबद्ध सदस्यहरुमा हार्दिक बधाई ज्ञापन गर्न चाहान्छौं । साथै प्रकाशन गर्न लागिएको प्रतिवेदनले त्यस सहकारी संस्थाका बारेमा सदस्य तथा समुदायलाई थप जानकारी प्राप्त हुने र अन्य सहकारीका लागि समेत प्रेरणा मिल्ने विश्वास लिएका छौं । अन्त्यमा, सहकारी सिद्धान्तको पूर्ण पालना र सुशासन कायम गर्दै सदस्यमुखी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न विगतका अनुभवहरुले दिशानिर्देश गर्ने अपेक्षाका साथ संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी तथा धन्यवाद !

मिति : २०७७/०६/२८

(मिनराज कडेल)
अध्यक्ष

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com
www.ncfnepal.com.np

"सामना शक्ति विकासका लागि सद्भावपूर्ण सहकार्य"

"मर्यादित श्रम र गतिलका लागि सहकारी"

नेफ्स्कून
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.
NEPAL FEDERATION OF SAVINGS AND CREDIT COOPERATIVE UNIONS LTD.

श्री अध्यक्षज्यू,
चण्डेश्वरी साकोस
बनेपा ।



शुभकामना

यस संघमा **आबद्ध चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि**. को २८ औं वार्षिक साधारणसभा र सो अवसरमा प्रकाशित **"बार्षिक प्रतिवेदन"** मा संघको तर्फबाट शुभकामना व्यक्त गर्दै संस्था सहकारी सञ्चालनका सार्वभौम मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गरी नीति, विधि र प्रविधिको प्रधानताभित्र सदस्य केन्द्रित भई सुसञ्चालनमा रहेको छ भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई ज्ञापन गर्दछु ।

संस्थाको २८ औं बार्षिक साधारणसभाबाट कोभिड-१९ ले सदस्य र समुदायमा पारेको प्रभावको सम्बोधनका लागि व्यवसाय पुनरुत्थान सहित सदस्यको आर्थिक जीवनमा सहजीकरण गर्न उपयुक्त मार्गदर्शन प्राप्तहोस्, संघको तर्फबाट साधारणसभा पूर्ण सफलताको शुभकामना सहितसम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक बधाई दिन चाहन्छु ।

सदस्यहरूबीच वित्तीय कारोबारमा केन्द्रित रहने बचत तथा ऋण सहकारी संस्थाले वित्त परिचालनमा निहित जोखिमको संवेदनशीलतालाई आत्मबोध गर्दै वित्तीय सुशासन सहित गुणस्तरीयता कायम गरी दीगो साकोस निर्माण र सदस्यको जीवनस्तर सुधारमा प्रतिवद्धताका साथ अगाडि बढ्न संघको तर्फबाट आग्रह गर्दछु ।
हामी साकोस अभियानको चरणबद्ध विकासकाकार्यमा योजनाबद्ध रुपमा लागि परेका छौं । विद्युतीय वित्त प्रणाली, स्तरीकरण र स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारी सहित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सफल अभ्यासहरुलाई नेपालको साकोस अभियानमा प्रयोग गर्न क्रियाशील छौं । "सबल र दीगो वित्तीय सहकारीहरूको साझा सञ्जाल"भन्ने नेफ्स्कूनको परिकल्पना पूरा गर्न आ-आफ्नो क्षेत्रबाट सहयोगको अपेक्षा गर्दै स्थानीय स्तरबाट सम्भव भए सम्म साकोस निर्माणमा पहल गर्न गराउनुहुन अनुरोध सहित संस्थाको उत्तरोत्तर प्रगतिका लागि पुनःहार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी !!
मितिः २०७७/०६/३०

परितोष पौड्याल
अध्यक्ष

नयाँबानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं.९१६९, फोन : +९७७-१-४७८०२०१, ४७८१९६३
इमेल: nefscun@nefscun.org.np
www.nefscun.org.np

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
ACCESS BRONZE

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

हार्दिक शुभकामना



प्रस्तुत विषयमा **बनेपा ८ तीनदोबाटो,करुणामार्ग, काभ्रे** स्थित **चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले** संस्थाको **२८ औं अभौतिक वार्षिक साधारण सभा कार्यक्रममा** संस्थाले प्रस्तुत गर्ने वार्षिक कार्ययोजना, लेखाप्रतिवेदन तथा विविध गतिविधि समेटेर **"वार्षिक प्रगति प्रतिवेदन पूस्तिका"** प्रकाशन गरी सदस्य माझ पुच्याउन लागेको थाहा पाँउदा अत्यन्त खुशी लागेको छ ।

यस सहकारी संस्थाले सहकारी क्षेत्रमा पुच्याएको योगदानको कदर तथा प्रशंसा गर्दै नेपाल जस्तो न्यून आर्थिक वृद्धि, बेरोजगारी, आर्थिक विकासमा क्षेत्रीय असमानता, व्याप्त गरिबी र विप्रेषणमुखी अर्थतन्त्रलाई सुधार गर्नको लागि संस्थाले गरेको प्रयास र व्यवस्थापनमा संचालन हुने सहकारी पद्धति मार्फत आम समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुच्याएको योगदानको कदर गर्दछु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ (कोरोना) महामारीको कारण देशमा असहज परिस्थिति भए तापनि आफ्ना सदस्यहरुलाई एकताबद्ध राख्न ,संस्थाको गतिविधि तथा सेवाको विषयको जानकारी दिन संस्थागत सुशासन कायम राखी समयमै साधारण सभा आयोजना गर्न लागेकोमा अत्यन्त सराहना व्यक्त गर्दछु ।

साथै गरीबि न्यूनिकरण, लैंगिक समानता र सामाजिक सद्भाव कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न, आयात प्रतिस्थापन तथा निर्यात वृद्धि गर्न, छरिएर रहेका स-साना पूँजिहरुलाई एकिकृत गरी सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारीको अर्न्तराष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि संचालन गरी सहकारी अभियानमा अग्रणी स्थान हासिल गर्न सफल र सक्षम रहोस् भन्ने शुभकामना सहित यस सहकारी संस्थाको **"वार्षिक प्रगति प्रतिवेदन पूस्तिका"** प्रकाशनको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिती : २०७७/०६/२६

केबी उप्रेती
अध्यक्ष

Corporate Office: Kupandol, Lalitpur, Tel.: 01-5180182, Fax: +977-01-5555687
E-mail: ncbl@ncbl.coop, corporate@ncbl.coop, Website: www.ncbl.coop

"साकोसहरुको संस्थागत विकासका लागि सक्षम जिल्ला संघ"

काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

Kabhrepalanchowk District Federation of Saving and Credit Co-operative Union Ltd. (KADIFSCCUL)

पत्र संख्या :२०७७/०७८
चलानी नं. : १८०

मिति : २०७७/०६/२५

श्री अध्यक्ष ज्यू,
चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
बनेपा, काभ्रे ।



शुभकामना

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. सहकारी ऐन बमोजिम स्थापना भए पश्चात सफलताका विभिन्न चरणहरु पार गर्दै आफ्नो गरिमामय २८ औं वार्षिक साधारण सभाको यस सुखद घडिमा आई पुग्न सफल भएकोमा यस संघ परिवार अत्यन्तै हर्षित भएको छ, साथै यसै अवसरमा संस्थाले आफ्ना गतिविधिहरु समेटेर सदस्यहरुलाई सुसूचित गर्न हेतु वार्षिक प्रगती प्रतिवेदन पुस्तिका प्रकाशन गर्न लागेको थाहा पाउदा हामिलाई अत्यन्तै खुशी लागेको छ । संस्थाको गतिविधि एवं प्रगति आफ्ना सदस्य सम्म पुऱ्याउन साथै आम समुदायमा सहकारीताको विस्तार एंव विकासमा यो प्रतिवेदन पुस्तिकाले महत्वपूर्ण भूमिका निर्वाह गर्नेमा म विश्वस्त छु ।

साकोस सञ्चालनका मूल्य मान्यता र सिद्धान्तहरुको अनुसरण गर्दै संस्था ऐन, नियमावलि, मापदण्ड तथा संस्थाको विनियम, नीति, निर्देशिकाको प्रावधान भित्र रहि सदस्यहरुको आर्थिक सामाजिक र सांस्कृतिक विकासमा केन्द्रित भई आम समुदायमा सहकारीताको विकासमा सदैव रहनेमा हामी विश्वस्त छौं । आफ्ना सदस्यहरुलाई सामुहिक हितको लागि ऐक्यबद्ध बनाई आफ्नो कार्यक्षेत्र भित्रका निम्न र मध्यम वर्गीय सदस्यहरु बिच वित्तीय तथा गैर वित्तीय सेवाहरु सञ्चालन गर्दै समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि संस्थाले महत्वपूर्ण योगदान पुऱ्याउनका खातिर संस्थाका समिति, उप समिति तथा व्यवस्थापन अत्यन्त सचेत, अनुशासित एंव सुशासित भै लाग्न जरुरी छ । यस्तो महत्वपूर्ण कार्यका लागि आगामी दिनहरुमा त्यस संस्थालाई निरन्तर सफलता प्राप्त हुनेमा विश्वस्त छौं ।

आर्थिक विकासका तीन खम्बा सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यबाट मात्रै मुलुकको विकास र समृद्धि सम्भव हुने हुँदा एक खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको विकासमा त्यस संस्थाले सञ्चालन गरेका क्रियाकलापहरुले थप्दो सहयोग पुऱ्याईरहेको छ भन्ने हामीले महशुस गरेका छौं, साथै संस्था सदा सर्वदा सहकारी ऐन, नियम, मापदण्ड, मुल्य, मान्यता र सिद्धान्तको अधिनमा रही संचालन हुनेछ भन्नेमा पूर्ण आशावादी छौं ।

साधारण सभाको सुखद क्षणमा सभाको समग्र सफलता सहित संस्थागत उन्नती प्रगती एवं आवद्ध सदस्य र परिवारजनको सुख, शान्ति, सम्वृद्धि र सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

इन्द्र प्रसाद अधिकारी
कार्यवाहक अध्यक्ष

बनेपा-७, काभ्रेपलाञ्चोक, फोन: ०११-६६०६६२, ०११६१२४९
इमेल: kadifsccul@gmail.com
www.kavredu.coop.np

जिल्ला सहकारी संघ लिमिटेड (डिस्कोफ)
DISTRICT CO-OPERATIVE FEDERATION LTD. (DISCOF)
काभ्रेपलाञ्चोक, नेपाल (Kavrepalanchok, Nepal)

प.सं.०७७/७८
च.नं. २२५

मिति :२०७७/०६/२६

हार्दिक शुभकामना



श्री अध्यक्ष ज्यू,
चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
बनेपा,काभ्रे

*यस सहकारी संघ लि. को सदस्य **चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.** बनेपा, काभ्रेको **२८ औं वार्षिक साधारण सभा** हुन गई रहेको खबरले हामीलाई खुशि लागेको छ । काभ्रेको बनेपा नगरपालिकामा स्थापना भई यसले सदस्य तथा सामुदायिक हितका लागि पुऱ्याएको योगदान सराहनीय भएको मैले महसुस गरेको छु ।*

आगामी दिनहरुमा संस्थाले सदस्य केन्द्रित थप व्यवसायहरु संचालन गरी सहकारी सिद्धान्त एवं मूल्यहरुलाई आत्मसाथ गरी संस्था अगाडी बढाउन र समृद्ध नेपाल निर्माणको राष्ट्रिय अभियानमा योगदान पुऱ्याउन २८ औं वार्षिक साधारण सभाले थप हौसला प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

सहकारीका सिद्धान्त तथा मूल्य मान्यताहरुलाई आत्मसाथ गर्दै अझ सदस्यमुखि थप योजनाहरुलाई अगाडी बढाई सहकारी आन्दोलनलाई थप सबल र सुदृढ तुल्याउन सबै सदस्यहरुबाट थप योगदान र ऐक्यबद्धता मिल्ने नै छ भन्ने विश्वास गर्न चाहन्छु ।

अन्तमा, संस्थाको २८ औं वार्षिक साधारण सभाको पूर्ण सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

जय सहकारी !!

(विनोद पराजुली)

अध्यक्ष

Banepa Municipality-7, Kavrepalanchok, Nepal, Phone: 977-11-661127, E-mail: discofkavre@gmail.com, Web: discofkavre.org.np

परिकल्पना (Vision)

"सदस्यहरुको सम्पूर्ण वित्तिय आवश्यकता पुरा गर्ने उत्कृष्ट, सुरक्षित, र दिगो संस्था ।"

ध्येय (Mission)

"सर्वशुलभ, गुणस्तरीय, प्रतिस्पर्धात्मक तथा नविन प्रविधीमा आधारित वित्तिय सेवाहरु, तालिम, शिक्षा एवंम् सूचना मार्फत सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा सहयोग गर्ने ।"

संस्थाका मूल्य मान्यताहरु (Core Values)

- ☞ यस संस्थाले सहकारीका सर्बमान्य (अर्न्तराष्ट्रिय) सिद्धान्तहरुलाई आत्मसात गरी कार्य संचालन प्रक्रियामा त्यसलाई अनुशरण गर्नेछ ।
- ☞ सदस्यहरुलाई उत्पादन तथा सेवा उपलब्ध गराउदा नियमित रुपमा सदस्यहरुको आवश्यकता प्रति जानकारी राख्दै प्राकृतिक न्यायका आधारमा भेदभाव नगरी सेवा प्रदान गर्नेछ ।
- ☞ सदस्य तथा सरोकारवालाहरुलाई संस्थासंग सम्बन्धित सांचो तथा तथ्यपरक सूचना तथा जानकारी गराईन्छ र सेवा प्रदान गर्ने क्रममा सदस्यहरुलाई विशेष ख्याल,प्रतिबद्धता र इमान्दारिता प्रदर्शन गर्नेछ ।
- ☞ प्रभावकारी सूचना तथा संस्था संचालन प्रणालीको सहयोगमा प्रशिक्षित कर्मचारीहरुद्धारा कार्य कुशलता प्रदर्शन गरी, समयामा नै सधैजसो सदस्यहरुलाई प्रभावकारी र छिटो छरितो सेवा प्रदान गर्नेछ ।
- ☞ समुदायका न्यून आय भएका तथा पछाडि परेका व्यक्तिहरुसंग आपसी सहयोग र शशक्तिकरणका माध्यमवाट कार्य गरिने भएकाले संस्थाको सेवा लिने जो कोहीलाई उत्तिकै सम्मान तथा आदर गर्नेछ ।
- ☞ सदस्यहरु एवं समुदाय, सरकार र अन्य निकायहरुसंग व्यवहार (वित्तिय/गैरवित्तिय) गर्दा हामी उनीहरुको अपेक्षालाई बुझ्दै गुणस्तरीय सेवा प्रदान गर्नेछौ । संस्थाका हरेक गतिवीधीहरु पारदर्शी हुनेछन । व्यवस्थापन र उपसमितिले संचालक समिति र लेखा सुपरिबेक्षण समिति एवं संचालक समितिले साधारण सभा प्रति जवाफदेही बनी कार्य गर्नेछ ।
- ☞ कानूनले बाध्य पारेको अबस्थामा बाहेक सदस्यहरुले संस्थामा गरिने सम्पूर्ण वित्तिय कारोवारहरुको गोपनियतालाई सदा कायम गरी राख्ने छौं ।
- ☞ सदस्यहरुको आवश्यकता पुरा गर्नका लागि निस्किने कुनैपनि उपायलाई हामी पहिचान गर्नेछौ । हामी सक्रिय रुपमा नयां कार्यक्रम,स्किम तथा कार्य विधिहरु पहिल्याउन कोशिश गर्नेछौं । जसले हाम्रा विद्यमान गतिविधीहरुको प्रभावकारीता र कार्यकुशलतामा सुधार ल्यायोस जुन नियमित हुने प्रकृया र प्रणालीको परिवर्तनको एक अंग हुनेछ ।
- ☞ संस्थामा सुशासन कायम गरि राख्नका लागि हामी सदैव प्रतिबद्ध रहने छौं ।
- ☞ सदस्यहरुबाट प्राप्त सुझावहरुलाई हामी मार्गदर्शनको रुपमा लिई अगाडी बढ्ने छौं ।

अध्यक्षको मन्तव्य



चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि को २८औं वार्षिक साधारण सभालाई सफल बनाउन आफ्नो अमूल्य समय दिई पाल्नुभएका मुख्य अतिथि, अतिथि ज्यूहरु, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा विभिन्न उप-समितिका पदापिधकारी तथा सदस्यज्यूहरु, संस्थाका आदरणीय सल्लाहकारज्यूहरु, यस संस्थाका कर्मचारीहरु तथा सम्मानिय शेयर सदस्यहरुलाई मेरो र यस संस्थाको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिबादनका टक्कयाउन चाहन्छु ।

सहकारी ऐन २०४८ बमोजिम जिल्ला सहकारी कार्यालय, काभ्रेपलाञ्चोकमा बिधिवत रुपमा जिल्लाभर कार्यक्षेत्र राखि दर्ता भई हालसम्म संस्थामा आबद्ध शेयर सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरनका लागि यस संस्थाले टेवा पूऱ्याउँदै आनुका साथै सहकारीताको माध्यमबाट देशको अर्थतन्त्रलाई नै मजबुत बनाउन सकिन्छ भन्ने धारणा बनाउन सकिएकोले हाल सहकारीको माध्यमबाट राज्यले पनि जनताहरुको आर्थिक स्तर मजवुत बनाउनका लागि समय साक्षेप सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ पारित गरी लागु गरिसकेको अवस्थामा यस संस्थाले सो ऐन र नियमावली अन्तर्गत रही संस्थाको सेवा सुविधाहरु प्रदान गर्नका लागि आफ्ने विनियममा संशोधन थुप्रै नीति तथा कार्यविधिहरुबाट संस्था अगाडी बढ्दै आईरहेकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुले सो को परिपालना गरी संस्थाको सेवा सुविधाहरु उपभोग गर्नुहुनका लागि विनम्र अनुरोध गर्दछु ।

सहकारी सिद्धान्तहरुलाई आत्मसात गरी संस्थालाई समुदायमा आधारित भई दिगो बनाई राख्नका लागि आबद्ध शेयर सदस्य महानुभावहरुले पूऱ्याउँदै आईरहेको सद्भाव र सहयोगमा हार्दिक कृतज्ञता जाहेर गर्दै भबिष्यमा नेपाल सरकार बाट लागु भएका सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ मा रहेका प्रावधानहरुलाई अँगिकार गर्दै संस्थाले ल्याउने सहकारी अभियानका कार्यक्रमहरु, संस्थाको बिकास, विस्तार, व्यवस्थित र दिगो बनाउनमा यहाँहरुको अझ बढी सद्भाव र सहयोगको अपेक्षा राखेका छौं । यहाँहरुले कुनैपनि समयमा कार्यालयमा वा अन्य माध्यमबाट संस्थाका बारेमा आफ्नो धारणाहरु राख्न सक्नु हनेछ, यहाँहरुबाट प्राप्त सुझाव तथा गुनासाहरुलाई यस संस्थाको मार्गनिर्देशका रुपमा राखि नीति, नियम संगत सुधार गर्दै जाने प्रतिबद्धता जाहेर गर्न चाहन्छु ।

यस संस्थालाई समुदायमा आधारित उत्कृष्ट संस्था बनाउनका लागि नेफ्शकुनले संचालन गर्दै आएको एशियाली ऋण महासंघबाट प्रतिपादित ACCESS BRAND कार्यक्रममा सहभागी भई Access Indicator हरु अनुसार संस्था संचालन गर्न गरिएको निरन्तर अभ्यासले गर्दा गतबर्ष यस संस्थाले BRONZE BRAND प्राप्त गर्न सफल भएका छौं । संस्थाले प्राप्त गरको BRAND लाई निरन्तरता र स्तरीकृत गर्नका लागि यस संस्थाले राज्यको ऐन, कानूनको परिधिमा रहि केन्द्रीय संघ र शेयर सदस्यहरुको राय, सल्लाह, सुझाव र सहयोगमा संस्थालाई उत्कृष्ट बनाउनमा निरन्तर लागिरहने प्रण गर्दछौं । ACCESS BRAND कार्यक्रममा सहभागी भई सफल हुनका लागि मौका र आवश्यक प्राविधिक तथा अन्य सहयोग पूऱ्याउनु भएकोमा केन्द्रीय संघ नेफ्शकुनलाई धेरै धेरै धन्यबाद दिन चाहन्छु ।

संस्थाका सेवा सुविधाहरुलाई छिटो छरिटो र चुष्ट बनाउनका लागि आधुनिक प्रविधको सफ्टवयरलाई Upgrad गरी संचालनमा ल्याउनुका साथै आधुनिक डिजिटली प्रविधीहरु मार्फत सेवा प्रदान गर्नका लागि संस्थाले संचालनमा ल्याएको **ATM** तथा **MOBILE BANKING** मा पनि शेयर सदस्यहरुको आकर्षण रहि सुरक्षित रुपमा कारोवार गर्दै आईरहेको जानकारी गराउन चाहन्छु । विश्वमा हाल महामारीको रुपमा फैलिएको कोरोना भाईरस **COVID-19** ले गर्दा भौतिक रुपमा उपस्थित र भिडभाड गर्नु नपर्ने भएकाले नेपाल सरकारबाट २०७६ चैत्र ११ गतेबाट गरेको **LOCKDOWN** को समयमा पनि यस संस्थाले डिजिटली कारोवार मार्फत शेयर सदस्यहरुलाई आर्थिक कारोवारको सेवा पूऱ्याएको थियो । यस संस्थामा आबद्ध सम्पूर्ण शेयर सदस्यहरुले पनि भविष्यमा आफ्नो समयलाई बचत गरी सुरक्षित र जुनसुकै समयमा पनि आफ्नो वित्तिय कारोवारहरु सजिलै गर्न सकिने भएकाले **ATM** कार्ड र **MOBILE BANKING** मा आबद्धता भई दिनुहुन सम्पूर्ण शेयर सदस्य

महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु। डिजिटलली कारोवारलाई सरल, सहज र समयानुसारका सेवा सुविधाहरु प्रदान गर्नका लागि थप कार्यहरु पनि अगाडी बढेकाले भविष्यमा घरमा नै बसि सुरक्षित रुपमा वित्तिय कारोवार गर्न र संस्थाले सेवा प्रदान गर्दै आइरहेको बिप्रेशन (Remitance) सेवाको उपभोगका लागि पनि हार्दिक अनुरोध गर्दछु।

संस्थाले शेयर सदस्यहरुको सेवा सुबिधाहरुमा स्वास्थ्य उपचार, राहत, अनुदान, संरक्षित पूँजी फिर्ता कोष बाँडफाँडलाई समायनुसार न्यायोजित र नीति संगत कार्यान्वयनमा ल्याउनका लागि सो संग सम्बन्धित बिभिन्न नीतिहरुलाई संशोधन गरी यस साधारण सभाबाट पारित गर्नका लागि पेश गरेका छौं। आगामी दिनमा शेयर सदस्यहरुलाई नीति अनुसार संस्थाले उल्लेखनीय सेवा सुबिधाहरु प्रदान गर्दै जाने ब्यहोरा अवगत गराउन चाहन्छु।

अन्तमा यस संस्थालाई समुदायमा आधारित उत्कृष्ट सहकारी संस्था बनाउन सदाझैं सद्भाव, सहयोग, माया, आवश्यक सल्लाह सुझाव निरन्तर रुपमा प्रदान गर्ने शेयर सदस्य, संस्थाका संचालक समिति, उप-समिति पदाधिकारी तथा सदस्यज्यूहरु, सल्लाहकार ज्यूहरुबाट सधैं यस्तै सद्भाव सहयोगको अपेक्षा राख्दै यसबर्ष कोरोना भाईरस **COVID-19** ले गर्दा २८ औं वार्षिक साधारण सभा सहकारी विभागले जारी गरेको "सहकारी संस्थाको साधारण सभा सम्बन्धि सूचना" र संस्थाको "महामारीमा साधारण सभा सञ्चालन कार्यविधि २०७७" बमोजिम पटक पटक र अभौतिक कार्यक्रमलाई सफल पार्न पाल्नु भएका मुख्य अतिथि, अतिथि, आदरणीय शेयर सदस्यहरु लगायत सल्लाहकार ज्यूहरु, समिति, उप-समितिका पदाधिकारी तथा सदस्यहरु लगायत सरोकार सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै मेरो मन्तब्य यही टुग्याउँछु।

धन्यवाद !

जय सहकारी ! जय चण्डेश्वरी ! !

ऋण लिनका लागि आवश्यक कागतजातहरु

क) व्यक्तिगत एवं पारिवारिक विविरण।
ख) माग ऋण उद्देश्यको कागजातहरु।
ग) आय श्रोतको विवरणमा भएसम्मको प्रमाणित कागजातहरु।
घ) नागरिकताको फोटोकपी निबेदक र अंशियार समेतको।
ङ) पासपोर्ट साईजको फोटो निबेदक र अंशियार समेतको
च) जग्गा धनि प्रमाण पुर्जाको फोटोकपी।
छ) प्रमाणित नापी नक्शा, ट्रेस नक्शा र फाइल नक्शा समेत।
ज) हाल सालैको जग्गाको तिरो तिरेको रसिद।
झ) सम्बन्धीत वडा कार्यालयबाट चार किल्ला प्रमाणित सिफारिस।
ञ) जग्गाको रजिष्ट्रेशन लिखत नयाँ नामसारीको हकमा।
ट) घर भएमा नक्शा पास, घरको नक्सा पास प्रमाण-पत्रको फोटोकपी, घरको फोटो र घरको बीमा
ठ) माग ऋण शीर्षक सम्बन्धीत अन्य व्यवसाय दर्ता, सो व्यवसाय सम्बन्धी अनुभव लगायत सिफारिस भएमा सो को प्रतिलिपि कागजात र बीमा
ड) धितो सुरक्षंण दिने घर/जग्गाको अन्य अंशियारहरुको ना.प्र. पत्रको फोटोकपी र फोटो।
ठ) व्यक्तिगत जमानत तोकिएको ऋणमा जमानत बस्नेको ना.प्र. पत्रको फोटोकपी र फोटो।
ण) मो.सा. वा गाडी धितो सुरक्षणका लागि सवारी साधनको बिल बुक, रोड परमित र कर बुकको फोटोकपी, सवारी साधनको पुरै बीमा पोलिसी साथै रकम तिरेको रसिद, सवारी साधनको फोटो।
त) संस्थाबाट शेयरको प्रमाण-पत्रको फोटोकपी।



सचिवको आर्थिक वर्ष २०७५/०७६ प्रगति प्रतिबेढन

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्थाका २८ औं बार्षिक साधारण सभाका सभापति एवं यस संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यू र आमन्त्रित अतिथिज्यूहरु, शेयर सदस्य महानुभावहरु, पत्रकार मित्रहरु, यस संस्थाका समिति, लेखा तथा सूपरिवेक्षण समितिका पदाधिकारीज्यूहरु तथा सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, उप समितिका सदस्यज्यूहरु र कर्मचारी मित्रहरुमा यस संस्थाको तर्फबाट र म सचिव राम प्रसाद श्रेष्ठको तर्फबाट हार्दिक सहकारी अभिवादन तक्याउँदछु ।

"सदस्यहरुको वित्तिय आवश्यकता पुरा गर्न सफल उत्कृष्ट, सुरक्षित र दिगो संस्था" को परिकल्पणा (vision) का साथ अगाडी बढी रहेको यस संस्थाले धेरै वर्षको परिश्रम र मेहनतका साथ तपाईहरुको सल्लाह र सहयोगले एशियाली ऋण महासंघ (ACCU) बाट गत वर्ष Bronze Brand प्राप्त गर्न सफल भएको व्यहोरा यहाँहरुलाई विदितै छ । यसरी प्राप्त Brand लाई निरन्तरता दिदै अझ यो भन्दा उच्च तहको Brand प्राप्त गर्नका लागि यस संस्था प्रयत्नशील रहने कुरा याहाहरुलाई विश्वस्त गराउन चाहन्छु ।

शेयर सदस्य महानुभावहरु,

अब म यस संस्थाले आ.व २०७६/०७७ मा सम्पन्न भए गरेका कार्यहरु र आगामी आर्थिक वर्षमा गरिने कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१. **यस आ.व २०७६/०७७ मा निम्नानुसार बैठक बसेको जानकारी गराउँदछु ।**

क. सञ्चाक समितिको बैठक	१८ पटक
ख. लेखा तथा सूपरिवेक्षणको बैठक	१३ पटक
ग. ऋण तथा अर्थ व्यवस्था उप-समितिको बैठक	३१ पटक
घ. शिक्षा तथा समाज कल्याण उप-समितिको बैठक	११ पटक
ङ. महिला बिकास उप-समितिको बैठक	४ पटक
च. समुह तथा कार्यक्रम संचालन उप-समितिको बैठक	६ पटक
छ. एक्सेस कार्यदलको बैठक	९ पटक
ज. सम्पत्ति सामान खरिद बिक्री उप-समितिको बैठक	४ पटक
झ. साधारण सभा तयारी उप-समितिको बैठक	६ पटक
ञ. पदपुर्ति उप-समितिको बैठक	१ पटक
ट. सदस्य हित राहत कोष सञ्चालन निर्णायक उप-समितिको बैठक	८ पटक
ठ. समिक्षा बैठक	४ पटक

२) **सदस्य सम्बन्धी**

आ.व. २०७५/०७६ को असार मसान्त सम्ममा महिला सदस्य संख्या ३७८९, पुरुष सदस्य संख्या ३२६६ र अन्य संस्थागत सदस्य संख्या ३८ गरी जम्मा सदस्य संख्या ७०९३ रहेकोमा यस आर्थिक वर्ष २०७६/०७७ को असार मसान्त सम्ममा महिला सदस्य संख्या ४००१, पुरुष सदस्य संख्या ३४१४ र अन्य संस्थागत सदस्य संख्या ३४ समेत जम्मा सदस्य संख्या ७४४९ रहेको छ । यसरी यस आर्थिक वर्षमा मात्र महिला सदस्य संख्या २१२ र पुरुष संख्या १४८ वृद्धि भएको छ भने अन्य संस्थागत सदस्य संख्या ४ घट्न गएको छ ।

३. **तालिम, गोष्ठी तथा कार्यक्रमहरुमा सहभागिता :-**

क. मिति २०७६/०४/११ मा बनेपा ट्रेनिङ्ग ईन्स्टिच्युत (BTI) द्वारा आयोजित १ दिने बजार व्यवस्थापन तालिम (कुमारी हल बनेपामा) मा निम्न बजार प्रतिनिधिहरुको सहभागी भएको थियो ।

१) सलिन श्रेष्ठ २) अन्जना कुईकेल ३) सरस्वती महाजु ४) जमुना श्रेष्ठ ५) सुमित्रा मिजार रोका

ख. मिति २०७६/०४/३२ गते प्रदेश नं. ३ नेफ्स्कून बनेपा द्धारा आयोजित नेफ्स्कून (नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ) को ३२ औं स्थापना दिवसमा (उग्रचण्डी बैक्वेट बनेपा) यस संस्थाका निम्न पदाधीकारीहरु सहभागी हुनुभएको थियो

१) अध्यक्ष श्री विकास बादे
२) उपाध्यक्ष श्री जयओम बादे
३) सचिव श्री राम प्रसाद श्रेष्ठ
४) कोषाध्यक्ष श्री नविन भक्त बादे
५) सहसचिव श्री रमेश काजी श्रेष्ठ
६) सहकोषाध्यक्ष श्री हेमन्त राज प्रधान
७) लेखा सुपरिवेक्षण समिति सदस्य श्री बुद्धरत्न मानन्धर

ग. मिति २०७६/०५/०१ गते बनेपा नगरपालिका द्धारा आयोजित कर विषयक अन्तरक्रिया कार्यक्रममा (बनेपा नगर पालिकामा) यस संस्थाका लेखा तथा सुपरिवेक्षण समितिका संयोजक श्री सुरेन्द्र प्रजापतिज्यू सहभागी हुनुभएको थियो ।

घ. मिति २०७६/०५/२६ गते जिल्ला सहकारी संघ लि.को ३८ औं वार्षिक साधारण सभामा यस संस्थाका कोषाध्यक्ष श्री नविन भक्त बादेज्यू सहभागी हुनुभएको थियो ।

ङ. मिति २०७६/०५/२७ गते आभास बचत तथा ऋण सहकारी संस्था लि.को १० औं साधारण सभामा यस संस्थाका उपाध्यक्ष श्री जयओम बादे ज्यू सहभागी हुनुभएको थियो ।

च. मिति २०७६/०५/२८ गते अल्फा बचत तथा ऋण सहकारी संस्था लि को १० औं साधारण सभामा यस संस्थाका कार्यसमिति सदस्य श्री रुकमणि राजभण्डारीज्यू सहभागी हुनुभएको थियो ।

छ. मिति २०७६/०६/०३ गते बनेपा बचत तथा ऋण सहकारी संस्था लि को २० औं बार्षिक साधारण सभामा यस संस्थाका अध्यक्ष श्री विकास बादेज्यू सहभागी हुनुभएको थियो ।

ज. मिति २०७६/०६/०३ गते भोमी बचत तथा ऋण सहकारी संस्था लि को २१ औं बार्षिक साधारण सभामा यस संस्थाका सचिव म राम प्रसाद श्रेष्ठ सहभागी भएको थिएँ ।

झ. मिति २०७६/०६/०५ गते ACCU को मिति २०७६/०६/०९ देखि मिति २०७६/०६/११ सम्म हुने ३८ औं साधारण सभामा सहभागी भै यस संस्थाले प्राप्त गर्न सफल Bronze Brand ग्रहण गर्नका लागी यस संस्थाका अध्यक्ष श्री विकास बादेज्यू मलेशियाको क्वालालम्पुरमा प्रस्थान गर्नुभएको थियो ।

ञ. मिति २०७६/०६/०६ गते मोडेल बचत तथा ऋण सहकारी संस्था लि को १२ औं बार्षिक साधारण सभामा यस संस्थाका सचिव म राम प्रसाद श्रेष्ठ सहभागी भएको थिएँ ।

ट. मिति २०७६/०६/१० गते पानस बचत तथा ऋण सहकारी संस्था लि को ११ औं बार्षिक साधारण सभामा यस संस्थाका कार्यसमितिका सदस्य श्री रुकमणि राजभण्डारीज्यू सहभागी हुनुभएको थियो ।

ठ. मिति २०७६/०६/११ गते काठुगणेश बचत तथा ऋण सहकारी संस्था लि को १६ औं बार्षिक साधारण सभामा यस संस्थाका कार्यसमिति सहकोषाध्यक्ष श्री हेमन्त राज प्रधानज्यू सहभागी हुनुभएको थियो ।

ड. मिति २०७६/०६/११ गते काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संस्था लि को २२ औं साधारण सभामा यस संस्थाका उपाध्यक्ष श्री जयओम बादेज्यू र प्रमुख व्यवस्थापक श्री रविकुमार उपाध्यायज्यू सहभागी हुनुभएको थियो ।

ढ. मिति २०७६/०६/११ गते मनकामना बचत तथा ऋण सहकारी संस्था लि को २४ औं साधारण सभामा यस संस्थाका सचिव म राम प्रसाद श्रेष्ठ सहभागी भएको थिएँ ।

ण. मिति २०७६/०६/१६ गते नेफ्स्कून बनेपाद्धारा आयोजित सदस्य संग नेफ्स्कून कार्यक्रममा (उग्रचण्डी होटेल बनेपा) यस संस्थाका प्रमुख व्यवस्थापक श्री रविकुमार उपाध्यायज्यू सहभागी हुनुभएको थियो ।

त. मिति २०७६ कार्त्तिक ०२ गतेका दिन भएको मञ्जुश्री साकोसको १३ औं साधारण सभामा यस संस्थाका सचिव म राम प्रसाद श्रेष्ठ सहभागी भएको थिए ।

थ. मिति २०७६ कार्त्तिक १९ र २० गतेका दिन राष्ट्रिय सहकारी महासंघ लि. पुल्चोक ललितपुरमा भएको ऋण जोखिम

न्यूनिकरण तालिममा यस संस्थाका सह-सचिव श्री रमेश काजी श्रेष्ठ र सह-कोषाध्यक्ष श्री हेमन्त राज प्रधान सहभागी हुनुभएको थियो ।

द. मिति २०७६ कार्त्तिक २० देखि २२ गते सम्म नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. प्रदेश नं. ३ बनेपाको आयोजनामा भएको ऋण अधिकृतको क्षमता अभिबृद्धि (CULCC) तालिममा यस संस्थाका उपाध्यक्ष श्री जय ओम बादे र ऋण अधिकृत श्री रमेश श्रेष्ठ सहभागी हुनुभएको थियो ।

ध. मिति २०७६ कार्त्तिक २५ र २६ गतेका दिन राष्ट्रिय सहकारी महासंघ लि. पुल्चोक ललितपुरको आयोजनामा भएको उद्यमशीलता तथा सहकारी व्यवसाय बिकास तालिममा यस संस्थाका कार्य समितिका सदस्य श्री गणेश कुमार रंजित र २०७६ कार्त्तिक २८ गते भएको सहकारी ऐन तथा नियमावली अभिमुखीकरण तालिममा यस संस्थाका अध्यक्ष श्री बिकास बादे र सचिव म राम प्रसाद श्रेष्ठ सहभागी भएका थियौं ।

न. मिति २०७६ कार्त्तिक २८ गते बनेपा ट्रेनिङ इन्स्टिच्यूट (BTI) बनेपाको आयोजनामा भएको सहकारीमा सम्पती सुध्दिकरण निवारण सम्बन्धी तालिममा यस संस्थाका लेखा अधिकृत श्री रविन्द्र भक्त पोटे सहभागी हुनुभएको थियो ।

प. मिति २०७६ मंसिर १० देखि १२ गते सम्म राष्ट्रिय सहकारी बैंक लि. बनेपा शाखाको आयोजनामा भएको पर्ल्स अनुगमन सम्बन्धी (Pearls Monitoring Training) तालिममा यस संस्थाका लेखा अधिकृत श्री रविन्द्र भक्त पोटे र ऋण अधिकृत श्री रमेश श्रेष्ठ सहभागी हुनुभएको थियो ।

फ. मिति २०७६ मंसिर २६ गते राष्ट्रिय सहकारी बैंक लि. बनेपा शाखाको आयोजनामा ब्रोन्च एक्सेस ब्राण्ड - २०१९ प्राप्त यस चण्डेश्वरी साकोसलाई गरिएको बधाई कार्यक्रममा यस संस्थाका अध्यक्ष श्री बिकास बादे, सचिव म राम प्रसाद श्रेष्ठ, कोषाध्यक्ष श्री नवीन भक्त बादे, प्रबन्धक श्री बद्रीनाथ बादे, लेखा अधिकृत श्री रविन्द्र भक्त पोटे र ऋण अधिकृत श्री रमेश श्रेष्ठ सहभागी भएको थियो ।

ब. मिति २०७६ पौष ३ गते भृकुटी मण्डप परिसर काठमाडौंमा राष्टिय सहकारी बैंक लि. कुपण्डोल ललितपुरको १६ औं साधारण सभामा यस संस्थाका अध्यक्ष श्री बिकास बादेज्यूले प्रतिनिधित्व गर्नुभएको थियो ।

भ. मिति २०७६ पौष ४ र ५ मा भएको नेपाल बचत तथा ऋण केन्द्रिय संघ लि. (नेफ्स्कून) को २८ औं साधारण सभामा यस संस्थाका उपाध्यक्ष श्री जयओम बादेज्यूले प्रतिनिधित्व गर्नुभएको थियो ।

म. मिति २०७६ पौष १४ गते देखि १९ गते सम्म पूर्व तर्फका सहकारी संस्थाहरुको अवलोकन भ्रमण शिलसिलामा महिला बिकास साकोस ईटहरी सुनसरी, मनकामना साकोस पथरी, मोरङ र सहारा नेपाल साकोस चउरपाने झापाको अवलोकन भ्रमण गर्नुका साथै एक आपसमा अन्तरक्रिया कार्यक्रम समेत भएको थियो जसमा यस संस्थाका निम्नलिखित समितिहरु र उप - समितिहरुका पदाधिकारी तथा सदस्यहरुको सहभागीता भएको थियो ।

१. सचिव म राम प्रसाद श्रेष्ठ
२. कोषाध्यक्ष श्री नवीन भक्त बादे
३. सह-सचिव श्री रमेश काजी श्रेष्ठ
४. सह-कोषाध्यक्ष श्री हेमन्त राज प्रधान
५. कार्य समिति सदस्य श्री जीतेन्द्र भक्त पोटे
६. कार्य समिति सदस्य श्री गणेश कुमार रंजित
७. लेखा सुपरीवेक्षण समिति सदस्य श्री बिनय कृष्ण कायस्थ
८. समूहगत बचत श्री सुबन कुमार प्रधान
९. शिक्षा तथा समाज कल्याण उप-समिति सदस्य श्री ज्योत्सना सैंजु
१०. महिला बिकास उप-समिति सदस्य श्री रचना न्हुच्छे प्रधान, श्री रिता मानन्धर र श्री बिमला पोटे

य. मिति २०७६ पौष १९ गते का दिन ज्ञान बिकास केन्द्र पनौती ७ काभ्रेमा काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. बनेपाको आयोजनामा भएको आधारभूत लेखा व्यवस्थापन तालिममा यस संस्थाका कार्यालय सहायक श्री सुनिता मानन्धर सहभागी हुनुभएको थियो ।

र. मिति २०७६ पौष १९ गते शनिबारका दिन नेपाल परिवार नियोजन काभ्रे शाखाको ३७ औं साधारण सभामा यस संस्थाका अध्यक्ष श्री बिकास बादेज्यूले प्रतिनिधित्व गर्नुभएको थियो ।

ल. मिति २०७६ पौष १९ गते शनिबारका दिन भएको नेपाल हृदय रोग निवारण प्रतिस्थान काभ्रे शाखाको २५ औं साधारण सभामा यस संस्थाका उपाध्यक्ष श्री जय ओम बादेज्यूले प्रतिनिधित्व गर्नुभएको थियो ।

व. मिति २०७६ पौष २२ गतेका दिन काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. बनेपाको आयोजनामा भएको हस्ताक्षर प्रमाणिकरण तथा जाली नोट पहिचान कार्यक्रममा यस संस्थाका कार्यालय सहायक श्री नविना श्रेष्ठ सहभागी हुनुभएको थियो ।

स. मिति २०७६ पौष २७ गतेका दिन ईन्द्रेनी बैक्वेट बानेश्वरमा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) को आयोजनामा भएको सम्पती सुध्दिकरण निवारण आन्तरिक कार्यविधि निर्माण कार्यशाला गोष्ठीमा यस संस्थाका का.मु प्रमुख व्यवस्थापक श्री बद्रीनाथ बादे सहभागी हुनुभएको थियो ।

ष. मिति २०७६ माघ १५ गते राष्ट्रिय सहकारी महासंघ पुल्चोक, ललितपुर द्धारा आयोजित "सहकारी ऐन तथा नियमावली अभिमुखिकरण " सम्बन्धी कार्यक्रममा यस संस्थाका लेखा तथा सुपरिवेक्षण समितिका संयोजक श्री सुरेन्द्र प्रजापती सहभागी हुनुभएको थियो ।

श. मिति २०७६ माघ १८ गते बुडोल सामुदायीक बचत तथा ऋण सहकारी संस्था लि. बनेपाद्धारा पार्टी भेन्यु बनेपामा आयोजित २१ औ वार्षिकोत्सब समारोहमा यस संस्थाका अध्यक्ष श्री विकास वादे सहभागी हुनु भएको थियो ।

ह. मिति २०७६ माघ २० गते ज्योती बहुउदेशीय सहकारी संस्था लि. बनेपाद्धारा श्रीखण्ड मार्ग बनेपामा आयोजित भवन उद्घाटन कार्यक्रममा यस संस्थाका अध्यक्ष विकास वादे सहभागी हुनु भएको थियो ।

क्ष. मिति २०७६ माघ २० गते नेपाल बचत तथा ऋण केन्द्रिय संघ लि.(नेफ्स्कुन) द्धारा ईन्द्रेणी फुडल्याण्ड काठमाण्डौमा आयोजित योजना निर्माण सम्बन्धी कार्यशाला गोष्ठीमा यस संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक श्री सुरेन्द्र प्रजापती सहभागी हुनुभएको थियो ।

त्र. मिति २०७६ माघ २७ गते नेपाल बचत तथा ऋण केन्द्रिय संघ लि.(नेफ्स्कुन) द्धारा अल्का हाउस, नयाँ बानेश्वरमा आयोजित स्थिरिकरण कोष सम्बन्धी राष्ट्रिय गोष्ठीमा यस संस्थाका अध्यक्ष विकास वादे सहभागी हुनु भएको थियो ।

ज्ञ. काभ्रेपलाञ्चोक बचत तथ ऋण सहकारी संघ र यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को संयुक्त आयोजनामा मिति २०७६ फागुन २२ देखि २४ गते सम्म भएको एड्भान्स लेखा व्यवस्थापन तालिममा यस संस्थाका वरिष्ठ सहायक श्री सत्य नारायण श्रेष्ठ र कार्यालय सहायक श्री नविना श्रेष्ठ सहभागी हुनुभएको थियो ।

अ. मिति २०७६ चैत्र ६ गते देखि ८ गते सम्म काभ्रेपलाञ्चोक बचत तथा ऋण सहकारी संघ लि. द्धारा गौतम भिलेज रिसोर्ट बनेपामा आयोजित पर्ल्स अनुगमन तालिममा यस संस्थाका लेखा सुपरिवेक्षण समितिका सदस्य श्री विनय कृष्ण कायष्थ सहभागी हुनुभएको थियो ।

आ. मिति २०७६/०१/२८ गते का दिन नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफ्स्कून) का वरिष्ठ कार्यक्रम अधिकृत श्री प्रेमनाथ वाग्ले ज्यूको संयोजकत्वमा भएको ZOOM App मा एक्सेस तेम्रो व्याचको अभौतिक २७ औं कार्यकुशलता एवम सिकाई व्यवस्थापन गोष्ठीमा यस संस्थाका का.मु. प्रमुख व्यवस्थापक श्री बद्रीनाथ बादे सहभागी हुनु भएको थियो ।

इ. मिति २०७७/०२/०७ गतेका दिन ZOOM App मा नेफ्शकुनको सहभागीतामा ACCU द्धारा आयोजित Online ACCESS accreditation 2020 orientation meeting मा ACCU का Myanmar Project Manager तथा Chief of Technical officer in Management Ranjith Heettiarachchi र CEO Elenita V San Roque बाट भएको सहजीकरण बैठकमा संस्थाको तर्फबाट का.मु. प्रमुख व्यवस्थापक श्री बद्रि नाथ बादे सहभागी हुनु भएको थियो ।

४. **<u>यस संस्थाबाट सम्पन्न गरेका कार्यहरु :-</u>**

४.१. **<u>साधारण सभा :-</u>**

क. मिति २०७६/०६/०४ गते यस संस्थाको २७ औं साधारण सभाका लागी प्रमुख अतिथि भै पाल्नु भएका नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघका अध्यक्ष श्री डी.वि बस्नेत ज्यूबाट संस्थाको भवनमा राखेको ए.टि.एम (काउन्टर) मेशिनको रिवन काटी उद्घाटन गर्नु भएको थियो ।

ख. मिति २०७६/०६/०४ गते शनिबारका दिन यस संस्थाको २७ औ बार्षिक साधारण सभा पञ्चकन्या बैंक्वेट, बनेपा - ८ पुलबजारमा संस्थाका अध्यक्ष श्री विकास बादेज्यूको सभापतित्वमा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कुन) का अध्यक्ष श्री डी.वि बस्नेतज्यूको प्रमुख आतिथ्यतामा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफ्स्कुन) का संचालक सदस्य श्री उद्धव सापकोटा, नेफ्स्कुन प्रदेश नं. ३ को शाखा

बनेपाका श्री उमेश कोईराला, काभ्रेपलाञ्चोक बचत तथा ऋण सहकारी संघ लि बनेपाका प्रमुख सल्लाहकार श्री शम्भू लाल श्रेष्ठ, फ्रेन्स फोरम साकोस काठमाडौंका श्री नरेश कुमार मल्ल, नेपाल परिवार नियोजन संघ बनेपा काभ्रेका अध्यक्ष श्री शुभ राज जोशी, पत्रकार महासंघ काभ्रेका अध्यक्ष श्री रमेश प्रसाद न्यौपाने लगायत विभिन्न संघ संस्थाका अध्यक्ष एवं प्रतिनिधि लगायतको आतिथ्यमा र ४८३२ जना शेयर सदस्यहरु अर्थात ६८.१२% उपस्थितीमा साधारण सभाको उदघाटन कार्यक्रम सम्पन्न भएको थियो ।

ग. आ.व २०७५/०७६ मा उत्कृष्ट बचत तथा ऋण कारोवार गर्ने सदस्यहरु र उत्कृष्ट कर्मचारीलाई निम्न बिधामा यस संस्थाका अध्यक्ष श्री विकास बादेज्यूले पुरस्कृत गर्नु भएको थियो ।

१. उत्कृष्ट नियमित मासिक बचतकर्ता - श्री आशामायाँ सुवाल
२. उत्कृष्ट बाल बचतकर्ता - श्री अनिस पोटे
३. उत्कृष्ट आवधिक बचतकर्ता - श्री दया प्रजापति
४. उत्कृष्ट ऋण भुक्तानीकर्ता - श्री केशव पौडेल
५. उत्कृष्ट कर्मचारी १ ग्रेड थप सहित - श्री मान बहादु नार्तेन

साथै बन्द सत्रमा शेयर पुरस्कृत गर्नका लागी दिईएका कुपनहरुलाई गोला प्रथाबाट छनौट गरी आएको कुपन नम्बर अनुसार निम्न शेयर सदस्यहरुलाई रु. १,०००/- बराबरको सम्बन्धीत शेयर सदस्यहरुको खाताम जम्मा हुने गरी पुरस्कृत गरिएको थियो ।

क्र.स	कुपन नं.	शेयर सदस्यको नाम	ठेगाना
१.	४८७	रत्न काजी श्रेष्ठ	बनेपा - ८
२.	३४८	साहीली परियार (दमाई)	बनेपा - ९
३.	३७८	चेतनाथ दुलाल	बनेपा - ९
४.	३०५	चमेली दुवाल मानन्धर	बनेपा - ७
५.	५९२	तारालक्ष्मी मानन्धर	बनेपा - ८
६.	४६४	सूर्य नारायण प्रधान	नाला - २
७.	४००	विष्णु मायाँ गौत	बनेपा - ९
८.	३९१	सर्मिला कायस्थ	बनेपा - ७
९.	५२५	कान्छी बखुँर्छे सुवाल	बनेपा - ९
१०.	५६५	कमला गुरुङ	बनेपा - ७
११.	३१३	अनिता तामाङ	चलाल गणेश
१२.	३६८	राज कुमार सैंजु	बनेपा - ८
१३.	५१५	अन्जना पोटे श्रेष्ठ	बनेपा - ८
१४.	४०८	लहर मायाँ सुवाल	बनेपा - ९
१५.	५३६	रामकृष्ण खत्री	बनेपा - ९
१६.	३३१	रामप्रिया अधिकारी	बनेपा - ९
१७.	३०२	दान कुमारी धिताल	बनेपा - ९
१८.	५२३	राधीका कामी	बनेपा - ९
१९.	५६९	भगवती थापा	रविओपी
२०.	३२९	सुनिता मानन्धर	करुणामार्ग
२१.	५११	सुनमायाँ अवाल	भोलाखा टोल
२२.	३९३	श्रृजना तौजले	बनेपा - ७

घ. साधारण सभाको निर्णय पुस्तीकामा हस्ताक्षर गर्न निम्न शेयर सदस्यहरु प्रतिनिधि छनौट भएको थियो ।

१. कर्ण श्रेष्ठ	२. रुकुमणि बजगाई पोटे
३. अनिता रन्जित	४. कान्छी पोडे
५. पूर्ण माया कर्माचार्य	६. अरुणावती चित्रकार
७. मनिषा तुलाधर	८. सविता श्रेष्ठ
९. लक्ष्मी माया बैद्य	१०. यमुना कुमारी तिमल्सिना
११. नवराज खनाल	१२. राम नारायण श्रेष्ठ
१३. भगवती थापा	१४. सुरेन्द्र कारन्जीत

४.२. **निर्णय कार्यान्वयन लगायत सम्पन्न अन्य कार्यहरु :-**

क. मिति २०७६/०४/११ को कार्य समितिको निर्णायानुसार आर्थिक बर्ष २०७५/०७६ को असार मसान्त सम्ममा सदस्यहरु मृत्युका राहत प्राप्तीका लागी परेका ३३ जना शेयर सदस्यहरुलाई जनही रु.७,५००/- का दरले रु.२,४७,५००।- र "सदस्य सुरक्षा/हित/ राहतकोष संचालन नीति २०७३ निवेदन दिनेहरु मध्ये निर्णायक उपसमितिको सिफारिसमा स्वास्थ्य उपचार खर्चमा ३६ जनालाई लागेको उपचार खर्चमा बढीमा रु.१०,०००।- प्रति सदस्यलाई दिने गरी जम्मा रु.३,५५,९३६।- खर्च भएको छ भने मृतक राहत अनुदानमा ११ जनालाई जनही रु. १५,०००।- का दरले जम्मा रु.१,६५,०००।- मृतक राहत अनुदान प्रदान गरेको थियो ।

ख. मिति २०७६/०४/११ को कार्य समितिको निर्णायानुसार कार्य समिति, लेखासुपरिवेक्षण समिति, विभिन्न उपसमिति र कर्मचारीहरुलाई पोशाकको व्यवस्था गरेको थियो ।

ग. मिति २०७६/०४/११ को कार्य समितिको निर्णय अनुसार कार्य समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारी तथा सदस्यहरुले प्रत्येक बैठक बस्दा साधारण सभाबाट पारित भए अनुरुप रु. ३,५००/- लिई आएकोमा २०७६/०५/०१ गते देखि लागुहुने गरी रु.१,५००/- का दरले मात्र लिने निर्णय गरेको थियो ।

घ. मिति २०७६/०४/११ को कार्यसमितिको निर्णयानुसार यस संस्थाका कार्यसमिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उप समिति र कर्मचारीहरुले अन्य सहकारी संस्थाहरुमा सदस्य भै रहेको भए सहकारी ऐन २०७४ मा उल्लेख मिति सम्ममा अन्य सहकारी संस्थाको सदस्यता त्याग गरी यस संस्थाको सदस्य मात्र हुनुपर्ने निर्णय गरेको थियो ।

ङ. मिति २०७६/०४/१८ गते रविओपीमा गंगा देवी मा.वि मा सदस्यता विस्तार कार्यक्रम संचालन गरेको थियो ।

च. मिति २०७६/०४/२१ को कार्य समितिको निर्णयानुसार यस संस्थाको कार्यसमिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारी तथा सदस्य पदहरुमा लगातार २ (दुई) कार्यकाल मात्र निर्वाचित भै रहन पाउने निर्णय गरेको थियो ।

छ. मिति २०७६/०४/२१ को कार्य समितिको निर्णयानुसार २०७६/०६/०४ का दिनहुने २७ औं साधारण सभा तयारको लागी निम्नानुसारको तयारी समिति गठन गर्ने निर्णय गरेको थियो ।

१. संयोजक - श्री विकास बादे
२. सदस्य - श्री राम प्रसाद श्रेष्ठ
३. सदस्य - श्री रमेश काजी श्रेष्ठ
४. सदस्य - श्री नविन भक्त बादे
५. सदस्य - श्री हेमन्त राज प्रधान
६. सदस्य - श्री रुकमणि राजभण्डारी
७. सदस्य - श्री रविकुमार उपाध्याय

ज. मिति २०७६/०५/०१ गते एक्सेस ब्राण्डका लागी संस्थाको सम्पूर्ण कारोवारहरुको अडिट गराएको थियो । अडिट ACCU का प्रतिनिधि श्री अर्नान पल्लवयव र नेफ्स्कूनका प्रतिनिधि श्री कवि न्यौपानेबाट भएको थियो ।

झ. मिति २०७६/०५/१० गते पञ्चकन्या बैक्वेटमा शिक्षा सदन उच्च मा.वि र सिद्धार्थ उच्च मा.वि का १२५ जना बिद्यार्थीहरुको सहभागितामा सहकारी शिक्षा कार्यक्रम संचालन गरेको थियो ।

ञ. आ.व २०७५/०७६ को खुद मुनाफा बाट शेयर लांभास कोषमा जम्मा भएको रकमबाट शेयर सदस्यहरुलाई प्रति कित्ता १८% का दरले लांभास वितरण गर्ने प्रस्ताव स्वीकृत अनुसार सम्बन्धीत शेयर सदस्यहरुको खातामा जम्मा गरि दिएको थियो ।

ट. कार्य समितिको मिति २०७६/०५/१४ को निर्णयानुसार आ.व २०७६/०७७ को संस्थाको वाहय लेखा परिक्षण गराउन लेखापरिक्षक माग गर्दा श्री एस डि आर एशोसियटस चार्टर्ड एकाउन्टेन्टको तर्फबाट श्री शेष मणि दाहाललाई

पारिश्रमिक रु ६४,०००/-(भ्याट बाहेक) र काठमाडौंबाट संस्थामा आउन जान लाग्ने यातायात खर्च दिने गरि नियुक्ति दिन र साधारण सभामा भाग लिन उपस्थित सदस्यहरुलाई रु. ५००/- मा रु. ७५/- आयकर कट्टी गरी रु. ४२५/- भत्ता दिने निर्णयका लागि साधारण सभामा पेश गर्ने निर्णय गरेको थियो ।

ठ. कार्य समितिको मिति २०७६/०६/११ को निर्णयानुसार सदस्य सुरक्षा हित राहत कोष संचालन निति अन्तरगत परेका स्वास्थ्य उपचार र मृत्यु राहतका विषयमा परेका निवेदनहरुको छानवीन गर्न नीति अनुसार निम्नानुसारको निर्णायक उपसमिति गठन गरेको थियो ।

१. संयोजक - श्री विकास बादे
२. सदस्य - श्री गणेश कुमार रंजित
३. सदस्य - श्री बद्रि नाथ बादे

साथै ATM कार्ड तथा मोवाईल बैकिङ्गमा आवद्ध हुनका लागी २०७६ आश्विण १२ गते देखि १७ गते सम्म सेवाबाट लाग्ने शुल्क छुट दिने निर्णय गरेको थियो ।

ड. मिति २०७६/०६/२९ गतेका दिन पानी ट्यांङ्की जनागालमा सदस्यता विस्तार कार्यक्रम संचालन गरेको थियो ।

ढ. संचालक समितिको मिति २०७६/०७/०९ को निर्णयानुसार निम्नानुसार कार्यदल र उप-समितिहरु गठन गरेको थियो ।

<u>एक्सेस कार्यदल</u>

(क) विकास बादे
(ख) जयओम बादे
(ग) नविन भक्त बादे
(घ) रविकुमार उपाध्याय
(ङ) बद्रि नाथ बादे
(च) रमेश श्रेष्ठ

<u>नीतिहरु अधावधिक गर्न</u>

(क) संयोजक – जयओम बादे
(ख) सदस्य – राम प्रसाद श्रेष्ठ
(ग) सदस्य – नबिन भक्त बादे

आवश्यकता अनुसार अन्य व्यक्तिहरुलाई पनि आमन्त्रण गर्न सकिने छ ।

साथै सल्लाहकारहरु, ऋण तथा अर्थ व्यवस्था उप-समिति, शिक्षा तथा समाजकल्याण उप-समिति, महिला विकास उप-समिति र समुह बचत कार्यक्रम संचालन उप-समितिका संयोजकहरु र सदस्यहरु यथावत् कायम गरिएको थियो ।

ण. मिति २०७६ कार्त्तिक ३० गते शनिबारका दिन यस संस्थाको आयोजनामा यस संस्थाले एशियाली स्तरको एक्सेस ब्रोन्च ब्राण्ड - २०१९ प्राप्त गर्न सफल भएकोमा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. का अध्यक्ष श्री डि.बि बस्नेतज्यूको प्रमुख आतिथ्यमा हार्दिक आभार तथा धन्यबाद कार्यक्रम सम्पन्न भएको थियो ।

त. संचालक समितिको मिति २०७६/०८/१४ को निर्णयानुसार संस्थाका अध्यक्ष श्री विकास बादेलाई यस संस्थाको बिमा अभिकर्ताको काम गर्न तोकिएको थियो ।

थ. संचालक समितिको मिति २०७६/०८/१४ गतेको निर्णयानुसार यस संस्थाका प्रमुख व्यवस्थापक श्री रबिकुमार उपाध्यायले मिति २०७६/०८/०४ मा दिनुभएको राजिनामा २०७६ पौष ०१ गते देखि लागु हुने गरि स्विकृत गरेका थियो, साथै यस संस्थाका कार्यालय सहायक श्री पार्वती घिमिरेले मिति २०७६/०६/१३ द.न. ११८ मा दिनु भएको राजिनामा मिति २०७६ मंसिर ०१ गते देखि लागु हुने गरि स्विकृत गरेको थियो ।

द. संचालक समितिको मिति २०७६/०८/१४ को निर्णयानुसार यस संस्थाको २०७६/०७७ को आन्तरिक लेखा परीक्षण गराउन यस संस्थाको लेखा तथा सूपरिवेक्षण समितिबाट सिफारिस भए अनुसार आई.भटराई एण्ड एसोशिएटसलाई नियुक्त गरिएको थियो ।

ध. २०७६/०८/२७ गते शुक्रबारका दिन बनेपा लायकुमा समुह बचत कार्यक्रम संचालन उप - समितिको आयोजनामा रेयूकाई एईको मासुनागा आखा अस्पताल काभ्रे शाखाको प्राविधिक सहयोगमा आँखा शिविर कार्यक्रम संचालन गरेको थियो । जसमा १७६ जना सहभागी भएको थियो ।

न. संचालक समितिको मिति २०७६/०८/२९ को निर्णयानुसार यस संस्थामा रिक्त रहेको प्रमुख व्यवस्थापक पदमा मानव

संसाधन नीति २०७६ अनुसार यस संस्थाका व्यवस्थापक श्री बद्रीनाथ बादे ज्यूलाई मिति २०७६/०९/०१ गते देखि लागु हुनेगरी प्रमुख व्यबस्थापकमा कायम मुकायम मुकरर गरेको थियो ।

प. मिति २०७६/०९/१२ गतेका दिन नेप्स्कुनको प्राविधिक सहयोगमा यस संस्थाको आयोजनामा गौतम भिलेज रिसोर्ट बनेपा काभ्रेमा व्यवसायिक कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला (PALM) को २६ औं बैठक यस संस्थाका अध्यक्ष श्री बिकास बादेको सभापतित्वमा राष्ट्रिय सहकारी बैकका अध्यक्ष श्री के.बी उप्रेतीज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो जसमा निम्न साकोसका प्रतिनिधिहरु सहभागी भएका थिए ।

१. चण्डेश्वरी साकोस बनेपा
२. युवा साकोस बनेपा
३. बाबियाखर्क साकोस काठमाडौ.
४. मन्थली साकोस रामेछाप
५. चन्दागिरी साकोस काठमाडौं
६. महिला शक्ति साकोस काठमाडौं
७. शिक्षक कल्याण साकोस रामेछाप
८. मनकामना साकोस बनेपा

उक्त कार्यशाला गोष्ठी समापन पछि यस चण्डेश्वरी साकोसद्धारा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) का नव निर्वाचित अध्यक्ष श्री परितोष पौडेलज्यू लगायत अन्य सदस्यहरुको बधाई तथा स्वागत कार्यक्रम सम्पन्न गरिएको थियो ।

फ. कार्य समितिको मिति २०७६/०९/२६ गतेको निर्णयअनुसार निम्न अस्थायी र करारमा रहेका कार्यालय सहायक कर्मचारीहरुलाई स्थाई पदमा नियुक्त गरिएको थियो ।

१.सलिन श्रेष्ठ
२. अन्जना कुइकेल
३. जमुना श्रेष्ठ
४. सरस्वती महाजु
५. सुमित्रा मिजार रोकाया

ब. संचालक समितिको मिति २०७६/१०/११ को निर्णयानुसार यस संस्थाका लागी आवश्यक कार्यालय सहायक तृतिय श्रेणीको पद २(दुई) सृजना गरेको थियो ।

भ. संचालक समितिको मिति २०७६/१०/११ को निर्णयानुसार यस संस्थामा रिक्त रहेको पदहरु पूर्तिका लागि निम्नानुसार उप-समितिहरु गठन गरेको थियो ।

<u>प्रमुख कार्यकारी अधिकृतका लागी</u>

(क) संयोजक – विकास वादे
(ख) सदस्य – जयओम वादे
(ग) सदस्य – राम प्रसाद श्रेष्ठ

<u>अन्य कर्मचारीहरुको लागी</u>

(क) संयोजक – राम प्रसाद श्रेष्ठ
(ख) सदस्य – जयओम वादे
(ग) सदस्य – बद्रि नाथ वादे

म. कार्य समितिको मिति २०७६/१०/११ गतेको निर्णयानुसार यस संस्थाबाट प्रयोगमा ल्याइएको आर्थिक वर्ष २०५०/०५१ देखि आ.व. २०६९/०७० सम्मका पुराना कागजातहरु मिति २०७६ फागुन ५ गते धुलाई गरी नष्ट गर्नुका साथै यस संस्थामा हाल प्रयोगमा नआएका र काम नलाग्ने जिन्सि सामानहरु लिलाम बिक्री गर्न प्रकाशित १५ दिने सूचना अनुसार मिति २०७६/११/१९ गते लिलाम बढाबढ गरी जिन्सी रेकर्ड मिलान गरी बाँकी रकमलाई आम्दानी गरेको थियो ।

य. मिति २०७६/१०/१८ गते शनिबारका दिन संस्थाको शिक्षा तथा समाज कल्याण उप-समितिको आयोजनामा चण्डेश्वरी मा.वि नालामा ८५ जनाको सहभागीतामा सहकारी शिक्षा शिविर कार्यक्रम संचालन गरेको थियो ।

र. मिति २०७६/१०/२५ गते शनिवारका दिन यस संस्थाको शिक्षा तथा समाज कल्याण उप-समिति र महिला विकास उप-समितिको संयुक्त आयोजनामा बनेपा चण्डेश्वरी सोपुहिटि वैन्क्वेटमा बाल बचत रमाईलो तथा एस.ई.ई. सम्मान कार्यक्रम संचालन गरेको थियो । जस्मा २३१ जना बाल बचतकर्ताहरुको सहभागीता रहेको थियो ।

ल. मिति २०७६/११/०१ गते बिहिबारका दिन यस संस्थाको समुह बचत कार्यक्रम संचालन उप-समितिको आयोजनामा देविस्थान पानी ट्याङ्की जनागालमा समुह बचत संकलन कार्यक्रम संचालन गरेको थियो । जसमा ३४ जनाको सहभागीता रहेको थियो ।

व. मिति २०७६/११/१७ गतेका दिन यस संस्थाका जेष्ठ नागरीक सदस्यहरुलाई यस संस्थाको शिक्षा तथा समाज कल्याण उप-समितिको आयोजनामा देविस्थान, धुलिखेल र नमोबुद्ध काभ्रेमा तिर्थाटन कार्यक्रममा लगिएको थियो । जस्मा ३५०

जनाको सहभागीता भएको थियो ।

स. मिति २०७६/११/१८ गते आईतवार देखि २४ गते शनिवार सम्म यस संस्थाको महिला विकास उप-समितिको आयो जनामा बनेपा-९ खेले बादे बगैचामा ६ दिने बेकरी तालिम कार्यक्रम संचालन गरेको थियो । जसमा २९ जनाको सहभागीता रहेको थियो ।

ष. मिति २०७६/१२/२९ गते बसेको संचालक समितिको अभौतिक बैठक निर्णय अनुसार विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस COVID-19 को संक्रमणबाट जोगिन नेपाल सरकारले गरेको Lockdown ले गर्दा संस्थाबाट ऋण लिई व्यवसाय गर्ने सदस्यहरुलाई पर्न गएको क्षतिमा राहत प्रदान गर्नका लागि २०७७ आषाढ मसान्तसम्म ऋणमा लाग्ने कुनैपनि हर्जना, थप ब्याज र जरिवाना नलाग्नेगरी छुट गरिनुका साथै Lockdown अवधिभर ऋणमा ब्याज बुझाउने ऋणी सदस्यहरुलाई १०% (दश प्रतिशत) ब्याजमा छुट दिएको थियो ।

श. संचालक समितिको मिति २०७७/०१/१३ गतेको अभौतिक बैठक निर्णय अनुसार संस्थाबाट हुने भुक्तानीहरुलाई सरल सहज गर्नका लागि अनलाईन कारोवारका लागि Connect IPS मा दर्ता भई हाललाई लक्ष्मी बैंक लि. को खाता लिंक गरी कारोवार गर्ने निर्णय भएको थियो ।

ह. कार्य समितिको मिति २०७७/०२/१९ निर्णय बमोजिम आ.व. ०७५/०७६ मा संरक्षित पूँजी फिर्ता कोषमा छुट्याएको रकम बाट नियमित बचत गर्ने ४७८ जना सदस्यहरुलाई रु.२८,३१,९५४।५५ र संस्थाबाट ऋण लिई नियमित किस्ता भुक्तानी गर्ने असल ऋणी सदस्यहरु ६०३ जनालाई रु. ४२,४७,९३१।७४ समेत गरी जम्मा रु.७९,७९,८८६।२९ सम्वन्धित सदस्यहरुको खातामा जम्मा गरिएको थियो ।

क्ष. आ.व.०७७/०७८ का लागि अनुमानित आय रु.१३,८७,०७,९३०।- र खर्च रु.८,६९,२३,०००।- हुनेगरी सम्पत्ति तथा दायित्व जम्मा रु.१,२३,०६,७१,७८९।७२ को अनुमानित बजेटलाई मिति २०७७/०३/२७ गते बसेको संचालक समितिको बैठकबाट पारित गरी आगामी २८ औं बार्षिक साधारण सभामा पेश गर्ने निर्णय गरिएको थियो ।

५. <u>सामाजिक उत्तरदायित्व अन्तर्गत आर्थिक सहभागिता</u> :-

क. मिति २०७६/०४/२० को कोसा दाफा भजन खलःको पत्रबाट अनुरोध भए अनुसार १ महिना सम्मको गुलाँ धर्मको लागि रु. १०,००५/- आर्थिक सहयोग गरेको थियो ।

ख. संचालक समितिको मिति २०७६/०७/०९ को निर्णयानुसार लायन्स क्लब अफ काभ्रे बनेपाले नेपाल हार्ट फाउन्डेशनको सहकार्यमा संचालन गर्न लागेको लायन्स हृदय रोग निवारण तथा उपचार सेवाकेन्द्रलाई आवश्यक विभिन्न उपकरणहरु खरिद गर्नको लागि रु. ५५०००।- (पचपन्न हजार) आर्थिक सहयोग प्रदान गरेको थियो ।

ग. काभ्रे टेकवाण्डो एकेडेमीको मिति २०७६/१०/२० गते प्राप्त पत्रको अनुरोध अनुसार रु २०००।-(दुई हजार) आर्थिक सहयोग प्रदान गरेको थियो ।

घ. करुणामार्ग टोल सुधार समितिको मिति २०७६/११/२२ गतेको पत्रानुसार बनेपा तिनदोबाटो देखि विद्युत प्राधिकरण बनेपा चोक सम्मको बजारमा रात्रीकालीन समयमा फोकस लाईट राख्नका लागी रु.४,१००।- (चार हजार एक सय रुपैयाँ मात्र) आर्थिक सहयोग प्रदान गरेको थियो ।

ङ. लायन्स क्लब तथा लियो क्लबको संयुक्त आयोजनामा भएको दोस्रो खुल्ला भलिबल प्रतियोगिताको लागी रु ३,०००।- सहयोग गरेको थियो ।

६) <u>ऋण लगानी</u>

यस संस्थाका समिति,उप-समिति र कर्मचारीहरुमा गएको ऋण निम्नानुसार रहेको छ ।

(क) समितिहरु तर्फ – रु.१,५०,४७,४९२।१९

(ख) उप-समितिहरु तर्फ –रु.१८,००,२६९।७२

(ग) कर्मचारीहरु तर्फ – <u>रु.४०,४३,२१६।६१</u>

जम्मा लगानी रकम – रु.२,०८,९०,९७८।५२

<u>७. अवलोकन भ्रमण तथा स्वागत</u> :

श्री चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड दर्ता नं. ५४-०५०/०५१ काभ्रेपलाञ्चोक (यस पछि संस्था भनिएको छ) बनेपा नगरपालिकामा स्थापित सिमित दायित्व भएको बचत तथा ऋण सहकारी संस्था हो। यसको मुख्य कार्यालय बनेपा ८, तिनदोबाटोमा रहेको छ। हालसम्म यस संस्थाले सोहि कार्यालयमार्फत आफ्नो कारोबार सञ्चालन गर्दै आईरहेको छ।

यस संस्थाले सहकारी ऐन, २०७४ बमोजिम बनेपा नगरपालिका कार्यक्षेत्र रहने गरि स्विकृति लिई मुख्यतः बचत तथा ऋणको कारोबार सञ्चालन गर्दै आईरहेको छ।

संलग्न वित्तीय विवरणहरु स्विकृत गरी जारी गर्नको लागि सहकारी संस्थाको संचालक समितिले पारित गरेको छ। यस वित्तीय विवरणहरु अन्यथा उल्लेख गरेभन्दा बाहेक नेपाली रुपैयामा प्रस्तुत गरीएको छ।

संस्थाको आर्थिक वर्ष नेपालीमा २०७६ श्रावण १ गते देखि २०७७ आषाढ मसान्तसम्म रहेको छ। यो वित्तीय विवरण संस्थाले आर्थिक वर्ष २०७६/७७ मा गरेका आर्थिक कारोबारको आधारमा तयार गरिएको छ।

यस संस्थामा देहाय बमोजिमका सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरु रहनुभएको छ।

क्र.सं.	नाम	पद
१.	विकाश बादे	अध्यक्ष
२.	जय ओम बादे	उपाध्यक्ष
३.	राम प्रसाद श्रेष्ठ	सचिव
४.	नविन भक्त बादे	कोषाध्यक्ष
५.	रमेश काजी श्रेष्ठ	सह.सचिव
६.	हेमन्त राज प्रधान	सह.कोषाध्यक्ष
७.	गणेश कुमार रञ्जित	सञ्चालक सदस्य
८.	पुर्ण पोटे	सञ्चालक सदस्य
९.	जितेन्द्र भक्त पोटे	सञ्चालक सदस्य
१०.	रोशना राजवंशी	सञ्चालक सदस्य
११.	रुकमणी राजभण्डारी	सञ्चालक सदस्य
१४.	सुरेन्द्र प्रजापति	ले.सु.स. संयोजक
१५.	विनय कृष्ण कायस्थ	ले.सु.स. सदस्य
१६.	बुद्धरत्न मानन्धर	ले.सु.स. सदस्य

२. **संस्थाका प्रमुख कार्यहरु**

- आफ्ना सदस्यहरुमाझ छिटो छरितो माध्यमबाट बचत तथा ऋणको कारोबार गर्ने ।
- सदस्यहरुबीचको सहकार्य मार्फत सदस्यहरुको हक हितको कार्य गर्ने ।

३. **सञ्चालक समितिबाट वित्तीय विवरणको स्विकृति**

संस्थाको संलग्न वित्तीय विवरणहरु संस्थाको सञ्चालक समितिको बैठकले संस्थाको साधारण सभा समक्ष अनुमोदनको लागि पेश गर्ने निर्णय गरेको छ ।

४. **प्रमुख लेखा नीतिहरुको शारांश**

वित्तिय विवरणहरु तयार गर्दा आधार मानिएका "सहकारीको लागि नेपाल वित्तीय प्रतिवेदनको प्रारुप"का नीतिहरु र सर्वमान्य लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा लेखिएको बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ ।

४.१ **लेखा सम्बन्धि अवधारणा**

वित्तिय विवरणहरु अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक "सहकारीको लागि नेपाल वित्तीय प्रतिवेदनको प्रारुप", लेखाको सर्वमान्य सिद्धान्तहरु, सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५, सहकारी संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ तथा सहकारी विभागबाट संस्थाको निरिक्षणका क्रममा दिईएका निर्देशनका अधिनमा रही तयार पारिएको छ ।

४.२ **लेखाङ्कनको आधार**

वित्तीय विवरणहरु नेपाली मुद्रामा प्रस्तुत गरिएका छन् । वित्तीय विवरणहरु ऐतिहासिक लागतको आधारमा तयार पारिएका छन् । नेपाल लेखा मापदण्डहरु तथा लेखाका सर्वमान्य सिद्धान्तहरु अनुरुप वित्तीय विवरणहरु तयार पार्दा केही आवश्यक लेखा अनुमानहरु गरिएका छन् । साथै विभिन्न लेखा नीतिहरुको पालना गर्ने क्रममा व्यवस्थापनद्वारा विवेक पनि प्रयोग गर्नुपर्ने आवश्यकता रहन्छ ।

४.३ **ब्याज आम्दानी**

सहकारी संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ अनुसार ब्याज आम्दानीलाई नगद प्राप्तीको आधारमा लेखाङ्कन गरिएको छ । यसरी ब्याज आयलाई नगद प्राप्तिको आधारमा लेखाङ्कन गर्ने लेखाको सर्वमान्य सिद्धान्त बमोजिम आयलाई पाकेको आधारमा लेखाङ्कन गर्नुपर्ने सिद्धान्तको अनुरुप छैन । संस्थाद्वारा मापदण्ड अनुरुप पालना गरिएको लेखाङ्कन विधि अझ संकीर्ण छ ।

४.४ **शुल्क तथा कमिशन आम्दानी**

शुल्क, ब्याज तथा ऋण स्विकृतिसँग सम्बन्धित अन्य आम्दानीहरु कारोबार भएको समयमा नै लेखाङ्कन गर्ने गरिएको छ ।

४.५ **लाभांश आय**

लाभांश प्राप्त गर्ने अधिकार प्राप्तको अवस्थामा कर चुक्ता पछिको खुद मुल्यमा लाभांश आय देखाईएको छ । बोनश शेयर प्राप्त भएको अवस्थामा शेयरको लागत मूल्यमा परिवर्तन नगरिकन शेयर संख्या बढाईएको छ ।

SDR ASSOCIATES A member firm of IR Global UK Chartered Accountants

सबै किसिमका निक्षेप दायित्वमा तिर्नुपर्ने ब्याजलाई पाकेको आधारमा लेखाङ्कन गरिएको छ ।

४.७ अनुदान आय

संस्थाले प्राप्त गरेको अनुदान (मौद्रिक वा गैर मौद्रिक) बजार मुल्यमा पहिचान गरी पुँजीगत प्रकृतीको सहकारी अनुदानलाई कोष हिसाब तथा अन्य व्यवस्था अन्तर्गत लेखाङ्कन गर्ने र आय सम्बन्धि अनुदानलाई छुट्टै शिर्षक अन्तर्गत नाफा वा नोक्सानको अंशको रुपमा प्रस्तुतिकरण गर्ने नीति रहेको छ ।

४.८ ऋण तथा सापट

यस शिर्षकमा संस्थाका सदस्यहरु तथा कर्मचारीहरुलाई प्रदान गरिएको सबै किसिमका प्रत्यक्ष ऋणहरु पर्दछन् । सहकारी संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ अनुरुप ऋणहरुलाई असल ऋण, शंकास्पद ऋण र खराब ऋण भनी वर्गीकरण गरिएको छ । वित्तीय स्थिति विवरणको सम्पत्तितर्फ कुल ऋण रकम प्रस्तुत गरिएको छ भने दायित्व तर्फको कोष हिसाब तथा व्यवस्था अन्तर्गत ऋण सुरक्षण व्यवस्थालाई प्रस्तुत गरिएको छ ।

४.९ ऋण सुरक्षण व्यवस्था

ऋण लगानीमा निहित जोखिमलाई न्युनीकरण गर्न ऋण तथा सापटीलाई सहकारी संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ तथा पर्ल्स व्यवस्था अनुसार वनाउन संस्थाको २०७६ फाल्गुण मसान्तमा बाँकी रहेको ऋण लगानीलाई देहाय बमोजिम वर्गीकरण गरी ऋण सुरक्षण व्यवस्था गरिएको छ ।

ऋणको वर्गीकरण	वर्गीकरणका आधार	ऋण सुरक्षण व्यवस्थाको प्रतिशत
असल ऋण	भाका ननाघेको	१ प्रतिशत
शंकास्पद ऋण	एक वर्षसम्म भाका नाघेको	३५ प्रतिशत
खराब ऋण	एक वर्षभन्दा वढी समयसम्म भाका नाघेको	१०० प्रतिशत

४.१० ऋण अपलेखन

यस आ.व.मा संस्थाले कुनै पनि ऋण अपलेखन गरेको छैन ।

४.११ लगानी

संस्थाको लगानीलाई बिक्रिको लागि उपलब्ध लगानी भनि वर्गिकरण गरिएको छ । यस्ता लगानीलाई लागत वा बजार मुल्य जुन कम हुन्छ त्यसमा प्रस्तुत गर्ने नीति रहेको छ । यस्ता लगानीलाई बजारदर अनुरुप मुल्याङ्कन गरी नोक्सानीलाई कार्य सञ्चालन विवरण मार्फत समायोजन गर्ने नीति रहेको छ । यदि नाफा भएमा संस्थाले लगानीलाई परम्परागत रुपमा मुल्याङ्कन गर्नेछ ।

यस्ता लगानीलाई वर्षान्तमा मुल्याङ्कन गर्ने प्रयोजनको निम्ति यदि सो लगानी नेपाल स्टक एक्सचेन्जमा सुचिकरण भएको अवस्थामा आषाढ मसान्तको मूल्यलाई आधार लिईएको छ भने सूचिकरण नभएको लगानीको हकमा भने परम्परागत प्रणाली अनुरुप संकिर्ण तरिकाले मुल्याङ्कन गरिएको छ ।

४.१२ जायजेथा, प्लान्ट तथा उपकरण, ह्रासकट्टी तथा सोको क्षयिकरण

क) जायजेथा, प्लान्ट तथा उपकरणलाई ऐतिहासिक लागत अवधारणाका आधारमा ह्रासकट्टी गरी देखाईएको छ ।

ख) अनुमानित उपयोगी आय अवधि अनुरुप सम्पत्तिको ह्रासकट्टी घट्दो ह्रासकट्टी दर प्रणाली अनुसार ह्रासकट्टी गरिएको छ । विभिन्न वर्गका सम्पत्तिमा समयावधिका आधारमा निम्न दरहरुमा ह्रासकट्टी गर्ने गरिएको छ ।

सम्पत्तिको वर्ग	ह्रासकट्टी दर (%)
भवन	५
सवारी साधन	२०
कार्यालय उपकरण	२५
फर्निचर	२५
विविध सामान	१५

ग) प्रयोगावधि वा आर्थिक मुल्य समाप्त भएको सम्पत्तिको किताबि मुल्य बाँकि रहेमा सो बाँकी भएको सम्पत्तिको किताबी मुल्य बराबरको रकमलाई एकमुष्ठ ह्रासकट्टी गरी प्रस्तुत गरीएको छ ।

घ) संस्थाले वित्तीय विवरण तयार गर्दा जायजेथा, प्लान्ट तथा उपकरणको लागतबाट संचित ह्रास र क्षयिकरण नोक्सानी घटाई प्रस्तुत गरेको छ ।

ङ) संस्थाले जायजेथा, प्लान्ट तथा उपकरणको प्रतिस्थापनमा हुने लाभलाई जगेडा कोषमा र नोक्सानीलाई नि:सर्गकै बखत कार्यसञ्चालन विवरणमा समावेश गर्ने नीति रहेको छ ।

४.१३ पुँजीकृत नगरिएका सम्पत्ति

एक वर्षभन्दा कम समय टिक्ने र वा रु एक हजार भन्दा कम मुल्य रहेका सामानहरु पुँजीकृत नगरी खरिद गरेकै वर्षमा खर्च लेख्ने गरिएको छ ।

४.१४ अदृष्य सम्पत्ति तथा सोको अपलेखन

अभौतिक सम्पत्तिलाई लागत मुल्यमा प्रस्तुत गर्ने नीति लिएको छ । संस्थाले प्रारम्भिक मापन पछि अदृष्य सम्पत्तिको मापन लागतमा संचित परिसोधन खर्च र संचित क्षयिकरण घटाएर मापन गर्ने नीति लिएको छ । प्रयोगको लागि उपलब्ध भएको मितिबाट अभौतिक सम्पत्तिको लेखाइन गर्ने गरिएको छ । सो सम्पत्ति नि:सर्ग गर्दा भएको लाभलाई जगेडा कोषमा र नोक्सानीलाई नि:सर्गकै बखत कार्य सञ्चालनं विवरणमा समावेश गर्ने नीति रहेको छ । सफ्टवेयरको हकमा सो बापत गरेको खर्च वार्षिक बीस प्रतिशतले खर्च लेख्ने नीति लिएको छ ।

४.१५ सम्पत्तिको क्षयीकरण

क्षयीकरणले कुनै पनि सम्पत्ति त्यसको उपयोगी मुल्यभन्दा बढी मुल्यमा प्रस्तुत हुदैन भन्ने कुराको अश्वस्तता प्रदान गर्दछ । हरेक वर्षान्तमा कुनै संकेत पाएको अवस्थामा सम्पत्तिमा क्षयीकरण परिक्षण गरिन्छ । कुनै क्षयिकरण भएको अवस्थामा त्यसलाई कार्य सञ्चालनको विवरणमा देखाउने नीति लिएको छ ।

४.१६ गैर वैकिङ्ग सम्पत्ति

ऋणीले समयमा नै ऋणको सर्त अनुसार ऋण भुक्तानी नगरेको अवस्थामा सो ऋण लिदाँका बखत राखेको धितो प्रकृया पुर्याई लिलाम गर्दा सकार्ने व्यक्ति उपलब्ध नहुदाँको बखत संस्थाले नै स्विकार गरेको धितोलाई गैर वैकिङ्ग सम्पत्तिको रुपमा वर्गिकरण गरीएको छ। गैर वैकिङ्ग सम्पत्तिलाई प्रचलित बजार मूल्य वा ऋणीबाट उठाउन बाँकी साँवा तथा व्याज रकममध्ये जुन कम हुन्छ सोही अनुसार लेखाङ्कन गर्ने नीति लिईएको छ। संस्थाको २०७६ आषाढ मसान्तमा भएको रु. १,०४,१६,५१० रुपैया बराबरको गैर वैकिङ्ग सम्पत्तिलाई लिलाम बढाबढबाट बिक्री गर्दा जम्मा हुन आएको रु. १,२०,००,०२५ मा सम्पत्ति मूल्य कटाई बाँकी रकम संचालक समितिको निर्णय अनुसार रु. १५,८३,५१५ सदस्य बचत तथा निक्षेप अन्तर्गत वर्गिकरण गरीएको राहत कोषमा जम्मा गरिएको छ।

४.१७ मालशेष

संस्थाले मालशेषलाई लागत वा खुद असुली मुल्य मध्ये जुन कम हुन्छ त्यसमा मापन गर्ने नीति लिएको छ। मालशेषको लागतमा खरिद गर्दा लाग्ने सबै लागत, रुपान्तरण गर्न लाग्ने लागत तथा वर्तमान परिस्थिति वा अवस्थासम्म ल्याउन लाग्ने लागतलाई समावेश गरीएको छ। संस्थाले मालशेषको मापन पहिले आउने पहिले जाने पद्धति बमोजिम लेखाङ्कन गरेको छ।

४.१८ नगद वा नगद सरह

नगद प्रवाह विवरणको सम्बन्धमा नगद वा नगद सरहले हातमा रहेको नगद, डिमाण्ड डिपोजिट तथा तत्काल नगदमा परिवर्तन गर्न सकिने अन्य अति तरल अल्पकालीन लगानी पर्दछन्।

४.१९ अग्रिम भुक्तानी

यसले भविश्यमा प्राप्त हुने वस्तु तथा सेवाको लागि गरीएको अग्रिम भुक्तानीलाई जनाउदछ। यस्ता भुक्तानीलाई वित्तीय स्थिति विवरणमा देखाई त्यसलाई उपयोगीताको आधारमा लेखाङ्कन गर्ने नीति रहेको छ।

४.२० आयकर

आयकर खर्चले हाल तिर्नुपर्ने कर करलाई देखाउँदछ। आयकर व्यवस्था आयकर ऐन, २०५८ (संसोधन सहित) बमोजिम गरिएको छ।

४.२१ व्यवस्था, संभावित दायित्व र सम्भावित सम्पत्ति

संस्थाले आफ्नो विगतको घटनाक्रमको फलस्वरुप वर्तमानमा कुनै दायित्व सृजना हुने भएमा, आर्थिक लाभ हुने श्रोत बाहिरिने संभावना रहेको तथा दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार भएको अवस्थामा संस्थाले व्यवस्था सृजना गर्ने गरेको छ। कुनै पनि संभावित दायित्व जसले भविष्यमा साधनको बहिर्गमन सृजना गर्न सक्दछ, त्यसका लागि संभावित दायित्वको लेखाङ्कन गरिन्छ। तर संभावित वा वर्तमान दायित्व जसले भविस्यमा साधनको बहिर्गमन सृजना गर्नसक्ने अवस्था न्युन छ सोको लागि कुनै व्यवस्था गरिएको छैन।

सभावित सम्पत्तिको वित्तीय विवरणहरुमा लेखाङ्कन गरिदैन तर यसको नियमित रुपमा मुल्याङ्कन गरिन्छ र यदि कुनै आर्थिक साधनको प्राप्ति संस्थाको सम्भावित दायित्वहरुलाई वित्तीय स्थिति विवरणको अभिन्न अगको रुपमा देखाईएको छ।

४.२२ संस्थाको शेयर पुँजी

वित्तीय स्थिति विवरणको मितिमा संस्थाको जम्मा पुँजी रु. १०,४९,०३,७०० रहेको छ। सो शेयर पुँजी प्रति शेयर रु १०० को दरले गणना गरी जारी गरिएको छ।

४.२३ प्रतिवेदन अवधिको अन्य पछिका घटनाहरु

प्रतिवेदन अवधि अन्त्य पश्चातको समायोजन हुने घटनाहरु प्रतिबिम्बित हुने गरी संस्थाको वित्तीय विवरणमा लेखाङ्कित रकमहरुको साथै सम्बन्धित खुलासाहरु समायोजन गर्ने नीति रहेको छ। यस वित्तीय विवरण तयार गर्दा कुनै पनि समायोजन हुने घटनाहरु घटेका छैनन।

४.२४ चालु दायित्व

वर्षान्तमा भुक्तानी गर्न बाँकी रहेका खर्च तथा दायित्वहरुलाई वित्तीय स्थिति विवरणमा दायित्वको रुपमा देखाईएको छ।

४.२५ कोष हिसाब तथा अन्य व्यवस्थाहरु

सहकारी संस्थाको खुद नाफाको रकमबाट पच्चीस प्रतिशत रकम ऐनको दफा ६८ बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट पच्चीस प्रतिशत रकम ऐनको दफा ६९ बमोजिम संरक्षित पुँजी फिर्ता कोष र शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम ऐनको दफा ७० बमोजिम सहकारी प्रवर्द्धन कोषमा छुट्याएर बाँकी रहेको रकमलाई शतप्रतिशत मानी देहाय बमोजिमका कोषहरूमा सञ्चालक समितिको निर्णय अनुसार देहायको दरले वितरण गरिएको छ।

कोषको नाम	प्रतिशत
घाटा पुर्ति कोष	५
सहकारी शिक्षा कोष	५
सहकारी विकाश कोष	५
सामुदायिक विकाश कोष	५
अन्य जोखिम व्यवस्थापन कोष	५
स्थिरीकरण कोष	५
शेयर लाभांस कोष	७०
कुल	**१००

संस्थाले कर अघिको नाफाबाट तीन प्रतिशतले हुने रकम कर्मचारी बोनश व्यवस्था गरीसकेकाले यो कोषमा नाफाको बाँडफाँड गरीएको छैन।

४.२६ कर्मचारी बोनस व्यवस्था

संस्थाले संचालक समितिको निर्णय अनुसार कर अघिको नाफाबाट तीन प्रतिशतले हुने रकम कर्मचारी बोनश व्यवस्था गरेको छ।

४.२७ कर्मचारी उपदान कोष

संस्थाले श्रम ऐन, २०७४ बमोजिम कर्मचारीको मासिक तलबको ८.३३ प्रतिशतले हुने रकम कर्मचारी उपदान खर्च बापत खर्च लेखी कर्मचारीहरुले सामाजिक सुरक्षा कोषमा खोलेको खातामा जम्मा गरीएको छ। सो रकम कर्मचारीहरुको आयमा जोडी कर गणना गरीएको छ।

४.२८ आफ्नै सम्पत्ति धितो राखि लिएको सापटी

संस्थाले आफ्नै सम्पत्ति धितो राखेर यस आर्थिक वर्षमा कुनै पनि कर्जा तथा सापट लिएको छैन।

४.२९ संस्था विरुद्ध वा संस्थाले दायर गरेको मुद्दाको विवरण

यस आर्थिक वर्षको मसान्तमा संस्थाले वा संस्था उपर कुनै पनि मुद्दा दायर भई फैसला हुन बाँकी रहेको छैन।

४.३० पट्टा

वित्तीय पट्टा

संस्थाले वित्तीय पट्टा अन्तर्गत कुनै कार्य गरेको छैन र सो बापत कुनै दायित्व सृजना गरेको छैन।

सञ्चालन पट्टा

संस्थाले कार्यालय भवनका लागि सञ्चालन पट्टा सम्झौता गरेको छ र जुन सम्झौता कुनै पनि पक्षले पुर्व सुचना दिए पश्चात खारेज गर्न सक्नेछन्। संस्थाले भविष्यमा भुक्तानी गर्ने गरी खारेज नहुने गरी कुनै पनि पट्टा गरेको छैन। खारेज नहुने पट्टामा कुनै पनि पट्टा खर्च छैन।

४.३१ सम्बन्धित पक्षसँगको कारोबारको खुलासा

संस्थाको सम्बन्धित पक्षसँगको गरेको कारोबारको विवरण देहाय बमोजिम रहेको छ।

आषाढ मसान्तमा संस्थाबाट संस्थाका सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्य तथा निजका एकाघरका सदस्यको बाँकी ऋणको विवरण:

ऋणीको नाम	बाँकी ऋण रकम (रु.)
श्री नविन भक्त बादे कोषाध्यक्ष	१२,९५,२८८।१३
श्री हेमन्त राज प्रधान सह कोषाध्यक्ष	१३,७४,३६९।५६
श्री गणेश कुमार रजित संचालक सदस्य	४,३०,०००।००
श्री रुकमणी राजभण्डारी संचालक सदस्य	३,४६,५९९।९२
श्री सुरेन्द्र प्रजापति लेखा सुपरिवेक्षण समिति संयोजक	९९,९६,२३४।५८
श्री विनय कृष्ण कायष्थ सुपरिवेक्षण समिति सदस्य	१६,०५,०००।००
कुल	**१,५०,४७,४९२।१९**

त्यस्तै, २०७७ आषाढ मसान्त सम्ममा संस्थाका कर्मचारीहरुले शेयर सदस्यको नीति पालना र सुविधा ऋण गरी जम्मा रु.४०,४३,२१६।६१ ऋण बापत संस्थाबाट प्रयोग गरेका छन्।

४.३२ सामाजिक सुरक्षा कोषमा सरकारको योगदान

संस्थाले आफ्ना कर्मचारीहरुको लागि कानुन बमोजिम सामाजिक सुरक्षा कोषमा संस्थाको तर्फबाट तथा कर्मचारीको तर्फबाट योगदान गरेको छ। कोभिड १९ को कारणले भएको लकडाउन अवधिको कोषमा गर्नुपर्ने संस्था तथा कर्मचारीको योगदान नेपाल सरकारले गर्ने निर्णय गरेको थियो तर सो अवधिको कर्मचारी तथा संस्थाको तर्फबाट हुने योगदान रकम यो वित्तीय विवरण प्रमाणिकरण हुँदा सम्म कर्मचारीको सामाजिक सुरक्षा कोषको व्यक्तिगत खातामा जम्मा नभएकाले यस आर्थिक वर्षमा सो रकमलाई आम्दानी बाँधिएको तथा खर्च लेखिएको छैन।

४.३३ संस्थालाई कोभिड १९ को असर

संस्थाको कारोबारमा कोभिड १९ को महामारीको असर सारभुत रुपमा परेको छ। संस्थाको ब्याज आम्दानी नगद आधारमा लेखाङ्कन हुने भएकाले ऋणीलाई परेको महामारीको असरले संस्थालाई पनि असर परी विगत वर्षको तुलनामा संस्थाको नाफामा सारभुत रुपमा गिरावट आएको छ। नयाँ ऋणहरु प्रवाह हुन नसक्दा सेवा शुल्क लगायतका संस्थाको आयमा समेत असर परेको छ। त्यस्तै आषाढ मसान्तको तथ्याङ्क हेर्दा संस्थाको लगानीयोग्य तरलता एकदमै बढी देखिन्छ यसले गर्दा पनि संस्थाको नाफामा चाप परेको छ।

४.३४ विगत वर्षहरुको अङ्कहरु

वित्तिय विवरणहरु नेपाली रुपैयामा प्रस्तुत गरिएका छन्। गत वर्षको अङ्कहरु आवश्यकता अनुसार पुनर्वर्गिकरण, पुनर्लेखन तथा पुनर्तालिकीकरण गरिएको छ।

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.

बनेपा-८, तीनदोबाटो, काभ्रे

आ.व.०७७/०७८ को अनुमानित वासलात

वासलात (Balance Sheet)

दायित्व			
क्र.सं.	आम्दानी शिर्षक	२०७७/०३/३१ सम्मको यथार्थ	आ.व. ०७७/०७८ अनुमानित
१	नियमित बचत संकलन	२७,७०१,५३२।८२	३१८६४८३०।८२
२	नियमित मासिक ऐच्छिक बचत	१२४,७३२,५७०।४६	१३६३३३२३६।३०
३	घरदैलो बचत संकलन	८८,१३५,३०७।०८	१२१७५११२३।४१
४	ब्यापारीक र थप बचत संकलन	६२,३१५।४१	७३५९१।८७
५	दैनिक बचत संकलन	४४,२६८,३०७।४०	५२८०९५९५।९९
६	बिशेष बचत संकलन	२९,००२,४७८।६८	३३२६४२०६।९४
७	लघ-बित्त बचत संकलन	१२,९५७,२५०।३२	१५०७५७१२।१३
८	चांडपर्ब बचत संकलन	९०४,५२५।१२	१०२०३७०।५६
९	नरनारी बचत संकलन	४४२,२२३।६८	७३२७८१।५२
१०	जेष्ठ नागरीक बचत संकलन	३६,३७०,०५४।२४	४७८३२४०५।९७
११	बाल बचत संकलन	७,९७१,००७।७६	९४८२०३३।३९
१२	चण्डेश्वरी आबधिक बचत	४२८,७४८,३५३।५०	४७५,२७१,७०४।२०
१३	कर्मचारी संचय कोष	६,२०२,३७१।४२	५००,०००।००
१४	दैनिक बचत ऋणका लागि संकलन		९००,०००।००
	जम्मा बचत रकम	८०७,४९८,२९७।८९	९२६,९११,५९३।१०
१३	शेयर पूंजी	१०४,९०३,७००।००	११५,०००,०००।००
१४	कोषहरु	१२५,९३०,८३३।३०	१०५,०००,०००।००
१५	कर्मचारी संचय कोष		
१६	ऋण संरक्षण कोष	१२,७३१,१४७।६२	१७,०६४,५१३।१२
१७	चालु दायित्व/अन्य दायित्व	२४,८०१,९३३।२६	१७,५००,०००।००
१८	बाह्य ऋण		
१९	नाफा/नोक्सान हिसाव		४९,१९५,६८३।५०
	जम्मा रकम	१,०७५,८६५,९१२।०७	१,२३०,६७१,७८९।७२
सम्पत्ति			
१	नगद	३,०९१,१३५।३६	३,९५०,०००।००
२	बैंक	१९५,०६४,१४५।९२	१८५,३८२,३१८।६२
३	लगानी रहेको ऋण	७४६,१९३,०८५।४६	९२२,४०३,९५२।४४
४	संघ/बैंक शेयर लगानी	१३,५६६,०००।००	१५,०००,०००।००
५	स्थीर सम्पत्ति	१०,१४२,४२२।४८	९९७८९०५।७४
६	तरल लगानी	९०,०००,०००।००	७०,०००,०००।००
७	घर जग्गा		
८	ग्रैह बैंकिङग सम्पत्ति		
९	अन्य सम्पत्ति	१७,८०९,१२२।८५	२३,९५६,६१२।९२
	जम्मा रकम	१,०७५,८६५,९१२।०७	१,२३०,६७१,७८९।७२
१०	सदस्यता	७४४९ जना	८५६९ जना

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.

बनेपा-८, तीनदोबाटो, काभ्रे

आ.व.०७६/०७७ को यर्थात र आ.व.०७७/०७८ को अनुमानित नाफा/नोक्सान

नाफा/नोक्सान (Profit and Loss Account)

आम्दानी			
क्र.सं.	आम्दानी शिर्षक	२०७७/०३/३१ सम्मको यथार्थ	आ.व. ०७७/०७८ अनुमानित
१	ब्याज आम्दानी	९५,५५१,१९८।१९	११२,५५०,०००।००
२	बैंक ब्याज आम्दानी	१८,५१९,२१२।५३	२०,०००,०००।००
३	ऋण सेवाशुल्क	३,३४४,९२६।००	४,३००,०००।००
४	घरभाडा आम्दानी	८६,४००।००	२००,०००।००
५	बिबिध आम्दनी	१,९०६,८१५।४९	१,६५७,९३०।००
	आम्दानी जम्मा रकम	११९४०८५५२।२१	१३८७०७९३०।००
खर्च			
१	चण्डेश्वरी बचत ब्याज खर्च	४३,०१०,६१०।६२	३९,६००,०००।००
२	बचत ब्याज खर्च	२६,४०३,०४३।४८	२६,५००,०००।००
३	तलब भत्ता	८,४६७,६२४।७४	११,२२३,०००।००
४	क.सं. कोष अनुदान	४१५,१६२।५०	
५	कर्मचारी स्वास्थ्य उपचार खर्च	५०४,८५३।००	
६	पोशाक खर्च	५३५,७१३।००	३००,०००।००
७	छपाई तथा स्टेशनरी	४७८,८८५।३९	५००,०००।००
८	बैठक भत्ता	६८७,८००।००	७००,०००।००
९	बिद्युत तथा खानेपानी महशुल	११२,३११।५५	१२५,०००।००
१०	टेलिफोन महशुल	१३९,१२८।६३	१२५,०००।००
११	कार्यालय संचालन	८९,४८१।०९	१२५,०००।००
१२	बैठक संचालन खर्च	२२५,६८०।००	१५०,०००।००
१३	ईन्धन	५५,८३०।००	७५,०००।००
१४	पत्रपत्रिका	७,८९५।००	१५,०००।००
१५	परिबहन	१९४,५९०।००	२००,०००।००
१६	अवलोकन भ्रमण	२७५,१६०।००	३००,०००।००
१७	संस्था सदस्यता नबिकरण	३५,४६५।००	५०,०००।००
१८	सामाजिक कार्यक्रम	१८४,४४५।००	१५०,०००।००
१९	सूचना प्रकाशन खर्च	५७,५७७।००	७५,०००।००
२०	प्रबर्द्धन तथा एसएमएस खर्च	१२२,१३८।२४	५००,०००।००
२१	साधारण सभा भत्ता खर्च	२,४१६,०००।००	३,०००,०००।००
२२	साधारण सभा खर्च	३७४,९६८।८०	५००,०००।००

खर्च			
२३	एक्सेस ब्राण्ड कार्यक्रम	४२२,२८६।७५	२००,०००।००
२४	परियोजना तथा कार्यक्रम	२३०,८५०।००	४००,०००।००
२५	लघुबित्त समूहगत कार्यक्रम खर्च	१,१००।००	२५,०००।००
२६	अफिस सामान खतपत भएर जाने खर्च	१२५,३०५।४०	१५०,०००।००
२७	सदस्य सम्पत्ति बीमा खर्च	८८,४७३।४५	७५,०००।००
२८	घर भाडा खर्च	११२,६६६।६९	१५०,०००।००
२९	एससिटी खर्च	४६,५३६।३४	५०,०००।००
३०	सुरक्षा तथा सरसफाई		१२५,०००।००
३१	बिबिध खर्च	१७,२०२।०८	५०,०००।००
३२	अतिथि सत्कार	२३,७६५।००	७५,०००।००
३३	तालिम तथा गोष्ठी		७५,०००।००
३४	इन्टरनेट खर्च	२७७,३४७।१५	३६०,०००।००
३५	कमिशन खर्च	६,२६०।५७	५०,०००।००
३६	स्थापना दिवस/रजत जयन्ती समारोह खर्च	३०,३२५।१०	१२५,०००।००
३७	आन्तरिक तथा अन्तिम लेखा परिक्षण शुल्क	१०१,७००।००	१५०,०००।००
३८	समिति तथा कर्मचारी बिमा खर्च	६७,५२०।००	५०,०००।००
३९	समिक्षा बैठक कार्यक्रम खर्च	१३६,३५०।००	१२५,०००।००
४०	सम्पत्ति तथा सवारी साधन करखर्च	२४,०००।००	२५,०००।००
४१	कोभिड १९ बिमा खर्च	१७,३१०।००	
४२	मर्मत/सम्भार खर्च	२१९,४५४।३६	२५०,०००।००
४३	कम्युटर सफ्टवयर	१६४,९८०।००	२००,०००।००
४४	कानुनी खर्च	८,१७९।००	
४५	क्लोजिङ्ग खर्च	५०,७८५।००	
४६	उपसमिति कार्यक्रम खर्च	२२३,६७४।८८	
४७	ह्रासकट्टी खर्च	१,३०८,२५२।३९	
	खर्च जम्मा रकम	८८,४९८,६८७।२०	८६९२३०००।००
	नाफा/नोक्शान	३०,९०९,८६५।०१	५१७८४९३०।००
	आयकर ब्यबस्था	०।००	२५८९२४६।५०
	खुद नाफा	३०,९०९,८६५।०१	४९१९५६८३।५०

लेखा

सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेढन



सुरेन्द्र प्रजापति
संयोजक

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.को २८ औं गरिमामय साधारण सभाका सभापती तथा संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, मुख्य अतिथिज्यू, विभिन्न सहकारी निकायबाट पाल्नु भएका अतिथिज्यूहरु, विभिन्न सहकारी संस्थाबाट पाल्नु भएका अतिथिज्यूहरु, संस्थाको जीवनसँग हातेमालो गर्दै संस्थालाई उर्वर बनाउन निरन्तर साथ सहयोग गर्नुहुने आदरणीय शेयर सदस्य महानुभावहरु, संस्थाका सल्लाहकारज्यूहरु, संथाको संचालक समितीको पदिय दायित्वमा रहनुहुने साथीहरु, विभिन्न उपसमितीको पदिय दायित्वमा रहनुहुने साथीहरु, संस्थालाई ३६५ दिन नै चलायमान गतिशील सदस्य सेवा सुविधामा अहोरात्र कर्तव्य मैदानमा लाग्नुहुने अनुशासित कर्मचारीज्यूहरु, पत्रकार महानुभावहरु, महिला तथा सज्जन वृन्द ।

चण्डेश्वरी बचतको यस २८ औं गरिमामय साधारण सभामा लेखा सुपरिवेक्षण समितीको संयोजकको पदिय हैसियतमा तपाईहरु सामु आज समितीको प्रतिवेदन राख्ने अवसर पाएकोमा आफूलाई गौरवान्वित महसुस गर्दछु ।

विश्वव्यापी महामारी कोविड-१९ कोरोना भाइरसको असरबाट यस संस्था पनि अछुतो रहन सकेन । बन्दाबन्दीको अवस्थामा पनि सदस्यहरुको आर्थिक आवश्यकताको संवेदनशीलतालाई मध्यनजर गरेर सुरक्षाका सावधानी उपायहरु अपनाई संस्थाबाट प्रवाह हुने सेवालाई निरन्तर प्रदान गरिएको यहाँहरु माझ सर्व विदितै छ । महामारीको समयमा सदस्यहरुका अधिकांश व्यापार व्यवसाय सेवा प्रधान गर्ने उद्यमहरु बन्द हुन गई संस्थामा नियमित बुझाउनु पर्ने किस्ता ब्याजमा र ऋण लगानीको प्रक्रियाहरुमा व्यवधान उत्पन्न भई असहज परिस्थितिको सम्बोधन गर्न भनी २०७६ चैत्र ११ गते देखि २०७७ असार २० गते सम्म किस्ता (साँवा र ब्याज)मा भुक्तानी गर्नेलाई १०% र ब्याज मात्र भुक्तान गर्नेलाई ५% को दरले छुटको सुविधा प्रधान गरिएको यहाँहरुमा स्मरण गर्न चाहन्छु ।

गत आ.व. ०७५/०७६ मा १,०४,१६,५१०।- रहेको गैर बैंकिङ्ग सम्पतिलाई यो वर्ष शुन्यमा झार्न सफल भएको तथा गत आर्थिक वर्ष ०७६/०७७ मा संस्थाको कुल वासलात (Balance Sheet) १ अर्ब भन्दा बढिको कारोबारलाई पार गरि नयाँ अध्यायको थालनी भएको शुभ खबर यहाँहरुलाई जानकारी गराउँदै यहाँहरु सबैसँग खुसी बाँड्न चाहन्छु । सदस्यहरुको आर्थिक, सामाजिक, साँस्कृतिक जीवनस्तरलाई निरन्तर वृद्धि गर्दै संघिय, प्रदेश र स्थानिय ऐन कानुन निर्देशनहरुलाई पालना गर्दै अघि बढ्दै क्षेत्रिय तथा राष्ट्रियस्तरमा एउटा सबल नेतृत्वदायि संस्थाको रुपमा विकास गर्दै अघि बढ्दै रहेको यहाँहरु सबैलाई स्मरण गराउन चाहन्छु ।

लेखा सुपरिवेक्षण समितीले आ.व. ०७६/०७७ को प्रतिवेदन निम्न अनुसार यहाँहरुमा प्रस्तुत गर्न चाहन्छौं ।

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.

लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन

१. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था : सन्तोषजनक रहेको छ ।

२. आ.व. २०७६/२०७७ मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :

क. संचालक समति बैठक	-	१८
ख. लेखा सुपरिवेक्षण समिति	-	१३

ग. ऋण तथा अर्थ व्यवस्थापन उप-समिति	-	३१
घ. शिक्षा तथा समाज कल्याण उप-समिति	-	११
ङ. महिला विकास उप-समिति	-	४
च. समूह बचत कार्यक्रम संचालन उप-समिति	-	६
छ. एक्सेस कार्यदल उप-समिति	-	९
ज. साधारण सभा तयारी उप-समिति	-	६
झ. सम्पत्ति सामान खरिद बिक्रि उप-समिति	-	४
ञ. पदपूर्ति उप-समिति	-	१
ट. समिक्षा बैठक	-	४
ठ. सदस्य हित राहत कोष संचालन निर्णायक उप-समिति	-	८

३. लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धि व्यवस्था :

क. धितो सुरक्षण राखी लगानी गरिने ऋण

- ५० हजार सम्म ऋण अधिकृतको निर्णयमा लगानी गर्न सकिने
- १० लाख सम्म - व्यवस्थापन समूहबाट स्वीकृत गर्ने
- १० लाख भन्दा माथि ४० लाख सम्म व्यवस्थापन समूहको सिफारिसमा ऋण तथा अर्थ व्यवस्थापन उप समितिले स्वीकृत गर्ने
- ४० लाख देखि माथि १ करोड सम्म ऋण तथा व्यवस्थापन समूहको सिफारिसमा संचालक समितिले स्वीकृत गर्ने
- २ लाख सम्म - व्यक्तिगत जमानी/धन जमानी
- धितोको प्रकार - घर/जग्गा तथा सवारी साधन
- 5C विश्लेषणको आधारमा

४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धि संक्षिप्त विवरण :

सहकारी ऐन	-	२०७४
सहकारी नियमावली	-	२०७५
श्रम ऐन	-	२०७४
श्रम नियमावली	-	२०७५
आयकर ऐन	-	२०५८
बोनस ऐन	-	२०३०
संस्थाको विनियम संसोधन	-	२०७२
सम्पत्ति शुद्धिकरण निवारण ऐन	-	२०६४
सुरक्षित कारोबार ऐन	-	२०६३
सामाजिक सुरक्षा ऐन	-	२०७५ र संस्थाको विनियम लगायत

संस्थाको विभिन्न नीतिहरु तथा कार्यविधिको अधिन भित्र रहि संस्था संचालित भई रहेको पाइयो । आगामी दिनहरुमा बचत ऋणको मूख्य कारोबार गर्ने सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरिक्षण तथा अनुगमन निर्देशिका २०७७ समेत अवलम्बबन गर्ने छ भन्ने समेत विश्वास दिलाउन चाहन्छु ।

५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको निर्देशन सुझावहरु कार्यान्वयन सम्बन्धि विवरणहरु :

देश संघिय ढाँचामा गइसकेपछि संघ, प्रदेश, स्थानिय निकायबाट बेला बेलामा गरिएको नीति निर्देशनको पालना गर्नुको साथै सहकारी ऐन २०७४ सहकारी नियमावली २०७५ लगायत सहकारी मूल्य मान्यता सिद्धान्त र आदर्श समेतलाई अक्षरंस पालना गरेको पाइयो ।

६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरको विवरण :

६.१ पारिश्रमिक : पदाधिकारीहरुले कुनै पारिश्रमिक लिएको पाइएन ।

६.२ साधारण सभाले पारित गरे बमोजिम भत्ता व्यवस्था गरेको छ ।

७. कर्मचारी प्रशासन सम्बन्धि व्यवस्थाहरु :

७.१ मानव संसाधन निति २०७६ लागु भएको

७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको

७.३ भर्ना प्रकृया पारदर्शिता र प्रतिस्पर्धी भएको

७.४ कार्यरत कर्मचारी र कार्यबोझ बीच तादम्यता रहेको

७.५ कर्मचारी भर्ना प्रक्रिया र संख्या :

श्रम ऐन २०७४, श्रम नियमावली २०७५ र संस्थाको मानव संसाधान निति २०७६ को अधिनमा रहि संघ संस्थाको सर्वमान्य ढाँचामा कर्मचारी भर्ना प्रक्रिया लागु गरिएको ।

नियमित कर्मचारी - २० जना रहेको

८. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :सन्तोषप्रद रहेको पाइयो ।

९.लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :

देश संघिय ढाँचामा गइसकेको अवस्थामा संघ, प्रदेश, स्थानिय निकायको निर्देशन, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, श्रम ऐन २०७४ को साथै विभिन्न ऐन र नियमावली लगायत संस्थाको विभिन्न नितिहरुको अधिनमा र हि सदस्यको आर्थिक सामाजिक साँस्कृतिक जीवनस्तरमा सुधार ल्याउनुका साथै सम्पूर्ण जीवनको सम्वृद्धि र विकासको लागि एकजुट भई अघि बढ्नु नै सहकारीको प्रमुख दायित्व हो ।

१०. लेखा समितिको सुझावहरु :

१०.१ आउँदो आ.व. ०७७/०७८ मा ACCU बाट हुने एक्सेस ब्राण्ड अडिटिङ्गमा पूर्ण सफलताको अग्रिम शुभकामना

१०.२ संस्थाले विभिन्न महत्वपूर्ण लक्ष्यहरु हासिल गरे तापनि निम्न कार्यहरु गर्नुपर्ने देखिन्छ ।

१. मर्जर अभियानको थालनी

२. तालिम केन्द्र निर्माण

३. सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को अधिनमा रही समय सापेक्ष संस्थाको विभिन्न नितिहरु र कार्यविधिहरु परिमार्जन गर्दै लानुपर्ने

४. शैक्षिक प्रमाण पत्र र सिपको प्रमाण पत्रबाट पनि ऋण लगानी गर्नुपर्ने देखिन्छ ।

५. शेयर सदस्यहरुलाई बचतका साथै ऋण लगानीबाट उद्यमशील बनाउन थप कार्यक्रम गर्नु पर्ने देखिन्छ ।

६. सहकारी पुस्तकालयको व्यवस्था

७. सहकारी शिक्षा अभियानमा जोड

८. IT कर्मचारीको व्यवस्था गर्नुपर्ने

अन्तमा कोभिड-१९ कोरोना भाइरसको संक्रमणको समय रहेकोले तपाई हामी सवै सचेत र सुरक्षित रहि यो समस्याबाट सामान्यकरण तर्फ जान सकौं भनि श्री माई चण्डेश्वरीमा प्रार्थना गर्दछौं । यस समितिबाट प्रस्तुत प्रतिवेदनमा कुनै राय सल्लाह र सुझावहरु भएमा मार्ग निर्देशका रुपमा लिई अगाडी बड्ने प्रण गर्दै मेरो प्रतिवेदन यहिं टुङ्गचाउँदछु । धन्यवाद !

जय सहकारी ! जय चण्डेश्वरी !!

संयोजक : सुरेन्द्र प्रजापति

सदस्य : बुद्धरत्न मानन्धर

सदस्य : विनय कृष्ण कायस्ठ

शिक्षा तथा समाज कल्याण उप-समितिको वार्षिक प्रतिवेदन-२०७७



पूर्ण पोटे
संयोजक

"नियमित बचत गरी भविष्य निर्माण गरौ" भन्ने मूल नाराका साथ अघि बढ्दै गएको यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.को २८ औ वार्षिक साधारण सभाका सभापति एवम् संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथि, विशिष्ट अतिथि, सल्लाहकार ज्यू, कार्य समिति पदाधिकारी ज्यू, विभिन्न संघ संस्थाबाट पाल्नुहुने अतिथि महानुभाव, विभिन्न उप-समितिका पदाधिकारी, कर्मचारी मित्रहरु तथा समाज कल्याण उप-समितिको तर्फबाट सहकारीमय न्यानो अभिवादन !

सहकारीको मूलभूत उद्देश्य सदस्यहरुको आर्थिक उत्थान गरी सामाजिक न्याय र समानता दिलाउनु हो । सामुहिक रुपमा संगठित भएर सहकारीको सिद्धान्त, मुल्य र मान्यताका आधारमा काम गर्ने वातावरण सिर्जना गरी आपसमा मितव्ययिता, स्वावलम्बन र पारस्पारिक सहयोगको भावना अभिवृद्धि गर्दै समाजमा ब्याप्त गरिबी, ब्यापारिक एकाधिकारजस्ता आर्थिक एवम् सामाजिक विसङ्गतीहरुको अन्त्य सहकारीताको माध्यमबाट समाजमा निम्न आयवर्गीय जनसमुदायको जीवनस्तर उकास्न र सदस्यहरुलाई सामाजिक न्याय दिलाउन सहकारी सदैव अग्र पङतिमा उभिएको छ । यस उप-समितिले संस्थाको नीति नियम र सञ्चालित कार्यक्रम पेशा व्यवसायलाई प्रवर्द्धन गर्न निरन्तर सहकारी शिक्षा, क्षमता अभिवृद्धि गर्दै बालबालीकाहरुलाई समयमै बचत गर्ने बानीको विकास गर्न, बाल भेला रमाइलो कार्यक्रम छात्रवृत्ति वितरण आदि कार्य गर्दै आइरहेका छौं ।

यस उप-समितिले आ.व.२०७६/०७७ सालको वार्षिक कार्य योजना अनुसार निम्न कार्यक्रमहरु सम्पन्न गरिसकेको जानकारी प्रस्तुत गर्दछु ।

क्र.स	मिति	विवरण	स्थान	लाभान्वित सदस्य	कैफियत
१.	२०७६।०५।१०	शिक्षा शिविर	पञ्चकन्या ब्याङ् क्वेट	शिक्षा सदन र सिद्धार्थ कलेजका विद्यार्थी	कक्षा-११ का विद्यार्थी
२.	२०७५।११।२१	छात्रवृत्ति वितरण	चैतन्य मा.वि	१.कोपिला मानन्धर २.रोजना कपाली	कक्षा-१० कक्षा-०८
३.	२०७६।१०।१८	शिक्षा शिविर	चण्डेश्वरी मा.वि सेमिनार हल	नयाँ तथा पुराना सदस्य	
४.	२०७६।१०।२५	रमाइलो बाल भेला कार्यक्रम	स्वपु हिटी पार्टी प्यालेस चण्डेश्वरी	२६७ जना बालबचतकर्ताहरु	महिला तथा शिक्षा उप-समितिको संयुक्त आयोजनामा

उक्त कार्यक्रममा २०७५ मा SEE उतीर्ण यस संस्थाका बाल बचतकर्ता विद्यार्थीहरुलाई नाम दर्ता गर्न आव्हान गरे अनुसार दर्ता हुन आएका २२ जना बालकर्ताहरुलाई सम्मान गरिएको थियो भने यस कार्यक्रममा ब्रास ब्याण्ड(इमानुयल ई.बो. स्कुल) को विशेष साङ्गितिक प्रस्तुतिले कार्यक्रमको रौनक बढाएको थियो । यस कार्यक्रममा ४५ बाल सदस्यहरुले आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर प्राप्त गरेका थिए । उक्त कार्यक्रममा संस्थाको बाल बचतमा सहभागी हुने २६७ जना बाल बचतकर्ताहरुको उपस्थिती रहेको थियो ।

५. २०७६।११।१७ गते वृद्धवृद्धा तिर्थाटन कार्यक्रम - संस्थामा आबद्ध ६० वर्षमाथिका शेयर सदस्यहरुलाई स्थानीय पत्रिका काभ्रे टाइम्स, चेष्टा साप्ताहिक, फोन सम्पर्क एवम् SMS मार्फत् नाम दर्ता गरी जम्मा ३५० शेयर सदस्यहरुलाई धुलिखेलको देवी स्थान र नमोबुद्धमा तिर्थाटन भ्रमण सम्पन्न गरिएको थियो ।

६. २०७६।१२।१५ गते - नालाको शेरामा हुने भनी निर्णय गरिएको शिक्षा शिविर कार्यक्रम कोभिड-१९ को प्रभावका कारण स्थगित गरिएको थियो ।

आ.व. २०७६/०७७ मा यस उप-समितिले जम्मा ११ बैठक बसी वार्षिक कार्ययोजना अनुसार कार्यक्रमहरु सञ्चालन गर्दै २७ औं वार्षिक साधारण सभाका लागी वर्षभरिका नियमित बचत कारोवारमा निरन्तरता प्रदान गरिरहनु भएका सदस्यहरुमध्ये विभिन्न विधामा गोला प्रथा द्धारा पुरस्कृत गरिएको थियो ।

१) उत्कृष्ट बाल बचत कर्ता – अन्जिस पोटे

२) उत्कृष्ट नियमित बचत कर्ता – आशा माया सुवाल

३) उत्कृष्ट आवधिनक बचत कर्ता – दया प्रजापती

४) उत्कृष्ट ऋणी – केशब पौडेल

अन्तमा कोभिड-१९ को महामारीले आक्रान्त पारेको यो विषम परिस्थितिबाट हामी छिट्टै नै मुक्त हुन सकौं र पहिले कै जस्तो सामान्य अवस्था सिर्जना होस् भन्ने श्री चण्डेश्वरी माईसँग प्राथना गर्दै आगामी दिनहरुमा यहाँहरुको साथ, सहयोग र सल्लाह सुझावको पनि अपेक्षा गर्दछु ।

जय सहकारी ।।, जय चण्डेश्वरी ।।

शिक्षा तथा समाज कल्याण उप-समिति
संयोजक- पूर्ण पोटे
सदस्य- रीता बादे श्रेष्ठ
सदस्य- ज्योत्सना सैंजु कायष्ठ

महिला विकास उप-समितिको आ.व. २०७६/०७७



रोशना राजवंशी
संयोजक

सभापति महोदय

प्रमुख अतिथिज्यू,

अतिथिगण, सल्लाहकार, संचालक समिति, लेखा सुपरिवेक्षण, उप-समिति सदस्यहरु, कर्मचारी साथिहरु तथा यस संस्थाको २८ औं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका समस्त शेयर सदस्य महानुभावहरुमा महिला विकाश उप-समितिको संयोजक रोशना राजबंशीको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन ब्यक्त गर्दछु ।

सहकारी सिद्धान्त, मूल्य मान्यतामा रहि संस्थामा आबद्ध शेयर सदस्यहरुको समग्र उत्थानका निम्ति संस्थाको गठन भई संचालित सहकारी संस्थाहरु मध्येमा शुरुदेखि महिलाहरुको बिकास र सशिक्तिकरणमा बिशेष रुचिका साथ छुट्टै उपसमिति राखेर अगाडी बढेको यस संस्थाले हालसम्म महिलाहरुका लागि शिपमूलक, शिक्षा र सामाजिक कार्यक्रमहरु गरी सहकारी अभियानमा महिलाहरुको योगदानलाई देखाउन सकिएको छ । जुन क्षेत्रमा महिलाहरुको ईज्जत र सम्मान रहन्छ निश्चय पनि सो क्षेत्रको बिकास र उन्नति भएको उदाहरणको रुपमा यस संस्थालाई पनि लिन सकिन्छ । प्रकृतिको नियममा नारी र पुरुष एक अर्काका परिपुरक हुन त्यस कारण दुवैले एक अर्काको सम्मान गरी अगाडी बढेको खण्डमा सफलता हासिल गर्न सकिन्छ ।

यस उपसमितिबाट आ.व. ०७६/०७७ मा गरिने प्रस्तावित कार्यक्रमहरुमा रहेको रक्तदान कार्यक्रमलाई यस संस्थाको २७ औं बार्षिक साधारण सभा २०७६ आश्विन ४ गते शनिवार पञ्चकन्या ब्याङक्वेट बनेपा-८, पुलबजारमा नेपाल रेडक्रस सोसाईटी बनेपा शाखाको प्राविधिक सहयोगमा सम्पन्न गरिएको थियो । जसमा २६ जना संस्थाका शेयर सदस्यहरुबाट रक्तदान गरिएको थियो । संस्थाको बार्षिक कार्ययोजना अनुसार शिक्षा तथा समाज कल्याण उपसमितिसँगको संयुक्त कार्यक्रममा संस्थामा आबद्ध बाल बचतकर्ताहरु जो २०७५ सालको SEE परिक्षामा उतिर्ण हुनेहरुको सम्मान तथा बाल बचत रमाईलो कार्यक्रममा यस उपसमितिले मञ्च व्यबस्थापन, गित र नृत्यको व्यवस्था र सम्मान तथा पुरस्कार वितरणमा सहयोग गरी सफलतापूर्वक २०७६ माघ २५ गते शनिवार सोपुहिटी पार्टी प्यालेस बनेपामा सम्पन्न गरिएको थियो ।

संस्थामा आबद्ध शेयर सदस्यहरुलाई शिपमूलक बनाई आत्मनिर्भर हुने गरी शिपका तालिमहरु प्रदान गर्ने संस्थाको उद्धेश्य र निरन्तरतालाई यस उपसमितिबाट २०७६ फागुन १८ गतेदेखि २४ गतेसम्म बनेपा ९ स्थित खेले गणेशको बादे वगै चामा विहान ११:०० बजेदेखि ३:०० बजेसम्म ३० जना शेयर सदस्यहरुलाई बेकरी प्रशिक्षिका सजना नकर्मीबाट बेकरीका विभिन्न परिकारहरु बनाउनका लागि आवश्यक सैद्धान्तिक र प्रशिक्षार्थिहरु आफैले बनाउने सक्ने गरी तालिम प्रदान गरेको थियो । उक्त तालिममा सहभागीहरुलाई प्रमाण पत्र वितरण तथा महिला हिंसा सम्बन्धी १ दिने कार्यक्रम २०७६ चैत्र १ गते तोकिएकोमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस Covid-19 ले गर्दा भेला र कार्यक्रम आयोजना स्थगित हुनुका साथै चैत्र ११ गतेदेखि नेपाल सरकारले सक्रमणबाट जोगिन गरिएको Lockdown का कारण हालसम्म कुनैपनि कार्यक्रमहरु गर्न सकिएको छैन ।

आ.व.०७६/०७७ मा ४ पटक महिला बिकास उपसमितिको बैठक बसि कार्यक्रमहरु सम्पन्न गर्नुका सार्थ यस

उपसमितिले महिलाहरुको लागि मात्र कार्य गर्ने नभएकोले आगामी आ.व.०७७/०७८ का लागि तय गरेका महिलाहरुको बिकास, महिला उत्थान, स्वास्थ्य र सामाजिक कार्यक्रमहरुमा महिला सशक्तिकरण, स्वास्थ्य शिविर, रक्तदान र बाल बचत र माईलो कार्यक्रमलाई निरन्तरता दिने गरी राखिएकोमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस Covid-19 को जोखिम हाल नेपालमा झन बढेर गएकोले उपयुक्त समय र कोरोना भाईरस Covid-19 को जोखिम हटेपछि गर्ने गरी कार्यक्रमहरु राखिएका छौं ।

अन्तमा यस वार्षिक साधारण सभामा पाल्नु भएका मुख्य अतिथि, अतिथिगन, सल्लाहकार, उपस्थित शेयर सदस्य महानुभावहरु, समिति तथा उप-समिति पदाधिकारी र सदस्यहरु र कर्मचारी मित्रहरुबाट यस महिला बिकाश उप-समितिलाई अझ अगाडी बढाउनुका लागि आफ्नो राय, सल्लाह र सुझाव प्रदान गरी आगामी वर्षमा गरिने कार्यक्रमहरुलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुनेछ भन्ने आशा र विश्वासका साथ महिला बिकास उपसमितिको वार्षिक प्रतिवेदन यही टुङ्ग्याउन चाहन्छु ।

संयोजक : रोशना राजवंशी
सदस्य : शारदा देवी बादे श्रेष्ठ
सदस्य : रचना न्हुँच्छे प्रदान बादे
सदस्य : रीता मानन्धर
सदस्य : विमला पोटे श्रेष्ठ

के हजुरलाई थाहा छ ?

यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई सदस्य सुरक्षा/हित/राहत कोष संचालन नीति २०७३ लाई संशोधन गरी प्रस्ताव गरिएको नीति २०७७ बमोजिम स्वास्थ्य उपचार तथा मृत्यु राहत अनुदान उपलव्ध गराउने भएकोले सो अनुदान रकम प्राप्त गर्नको लागि कोषको सदस्य भई तल उल्लेखित योग्यता पूरा भएको हुनु पर्नेछ । तसर्थ उल्लेखित योग्यता नपुगेका सदस्य महानुभावहरुले आजै कार्यालयमा सम्पर्क गरी आफ्नो सदस्यता अद्यावधिक गराउन हुन जानकारी गराईन्छ ।

कोषबाट दिने सुविधाहरु

१. स्वास्थ्य उपाचार खर्च रु.१०,०००।- सम्म
२. मृत्यु राहत अनुदान रु.१५,०००।-

कोषको सदस्य हुन चाहिने योग्यता

१. संस्थाको सेयर सदस्य भई कम्तिमा रु.१००।- दरको १५ कित्ता सेयरले हुन आउने रु.१,५००।- को सेयर खरिद गरेको हुनुपर्ने ।
२. संस्थामा नियमित मासिक बचत खाता खोली नियमित बचत गरेको हुनुपर्ने ।
३. सेयर सदस्यका तर्फबाट बार्षिक रुपमा रु. २००।- राहत कोषमा जम्मा भएको हुनुपर्ने ।

समूह बचत कार्यक्रम संचालक उप-समिति आ.व. २०७६/२०७७ को वार्षिक प्रतिवेदन



रुक्मणी राजभण्डारी
संयोजक

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था. लि को २८ औं साधारण सभाका आदरणिय सभापति एबं यस संस्थाका अध्यक्ष ज्यू , प्रमुख अतिथि ज्यू ,बिशेष अतिथिज्यूहरु ,सहकारी बिज्ञ एवं बिभिन्न सहकारी निकायबाट पाल्नु भएका अतिथिज्यूहरु, सल्लाहकार ज्यूहरु, समिति उपसमिति सदस्य महानुभावहरु, शेयर सदस्य महानुभाबहरु, हरदम मिहेनेतका साथ आफनो कर्तव्य पालनामा लागि पर्ने कर्मचारी मित्रहरुमा न्यानो स्वागत अभिबादन टक्र्याउन चाहन्छु ।

"एकले थुकी सुकी, सयले थुकी नदि" भन्नेबाट प्रभावित भई चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को स्थापना भई समुदायमा बचत तथा ऋण सहकारीताको माध्यमबाट परिवर्तन ल्याउनका लागि विगत ३० बर्ष अगाडीको सोचलाई समयको अन्तराल संगसंगै विस्तारै यस संस्थाले आफ्नो कार्यक्षेत्रभित्र छवि बनाउन सफल भएको छ । यसैलाई निरन्तरता दिनका लागि संस्थाको मूल श्रोत बचत परिचालन गर्नका लागि समूहमा गई सेवा सुविधा प्रदान गर्ने उद्धेश्यले यस उपसमितिले बनेपा र आसपासका क्षेत्रहरुमा सेवा पूऱ्याउँदै आईरहेको जानकारी गराउन चाहन्छु ।

मानिसहरु सामाजिक प्राणी भएकाले एक्लाएक्लै भन्दा समूहमा धेरै रमाउने भएको हुदाँ हरेका कार्यहरु समूहगत गर्दा राम्रो नतिजा आउनुका साथै उत्कृष्ट कार्यहरु हुने गरेको पाईन्छ । समूहमा गर्ने कार्यले एक्लोलाई भन्दा समूहमा रहेका धेरैलाई ज्ञान र सिक प्राप्त गर्न सकिने भएकोले यसबाट मानिसहरुमा उर्जा, जोश, जाँगर आउने भएकोले उनीहरुबाट गर्ने कार्यहरु सफल हुने गरेका छन । यस उपसमितिबाट संस्थाको कार्यक्षेत्रमा सदस्यता विस्तारका कार्यक्रमहरुका साथै मासिक रुपमा समूहमा गई बचत संकलन तथा संस्थाले दिएका सेवा सुविधाहरुका बारेमा सदस्यहरुलाई जानकारी गराउने गर्दै आएको जसले गर्दा संस्थाको हरेक गतिविधी र कार्यक्रमहरुलाई सदस्यहरु माझ पूऱ्याउनका लागि अझ बढी प्रभावकारी हुदै आईरहेको छ ।

यस संस्थाको कार्यक्षेत्रमा बचतको माध्यमबाट जिवनलाई सहज र आफ्नो व्यापार व्यवसायलाई टेवा दिई आर्थिक उन्नत्ति गर्न सक्नुका साथै यसलाई हामीले समयमा नियमित गर्ने गरेको खण्डमा फजुल खर्चको कटौतीका साथै आफुलाई अप्ठ्यारो पर्ने स्थितीमा यसबाट निकै ठूलो राहत प्रदान गर्ने भएकोले घरदैलो सेवाको रुपमा यस कार्यक्रमलाई अगाडी बढाउँदै आएको ले शेयर सदस्य महानुभावहरु लगायत साथिभाई, इष्टमित्र, टोल छिमेकमा छुट महानुभावहरुले पनि यस संस्थाको सेवा सुविधाहरु लिनका लागि समयमा नै सदस्यता लिनु भई नियमित बचत गर्ने बानी बसाल्न आबद्ध समूहगत बचत सदस्यहरुले पनि आ-आफ्नो क्षेत्रबाट संस्थालाई सहयोग पुऱ्याउनु हुनेछ भन्ने हाम्रो अपेक्षा रहेको छ ।

आ.व.०७६/०७७ मा ६ पटक समूह बचत कार्यक्रम संचालन उपसमितिको बैठक बसि निम्न कार्यक्रमहरु सम्पन्न गर्नुका साथै यस उपसमितिले सामाजिक कार्यक्रमहरु लगायत समूहमा आबद्ध शेयर सदस्यहरुलाई समय समयमा वित्तिय साक्षरताका कार्यक्रमहरुका साथै समूह र सदस्यता बृद्धिका कार्यक्रमहरु गर्दै आईरहेकोमा बार्षिक कार्यक्रमहरुमा समावेश भई बाँकी कार्यक्रम विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस **Covid-19** को जोखिमले गर्दा संचालन गर्न नसकिएको र हाल नेपालमा सक्रमण झन बढेर गएकोले उपयुक्त समय र कोरोना भाईरस **Covid-19** को जोखिम हटेपछि गर्ने गरी आगामी आ.व.०७७/०७८ को लागि नियमित कार्यक्रमहरु राखिएका छौं ।

१) मिति ०७६/०४/१८ गते सदस्यता बृद्धि बिशेष कार्यक्रम अर्न्तगत बनेपा न.पा वडा नं ५ रबिओपी मा.बि. मा गरिएको कार्यक्रममा ४३ जना उपस्थित भएकोमा ५ जनालाई नयाँ सदस्यता प्रदान गरिएको थियो ।

२) २०७६/०६/२९ बनेपा न.पा १० जनागाल देबि स्थान पानि ट्याङकीमा सदस्यता बृद्धि बिशेष कार्यक्रम गरिएकोमा ५४ जना उपस्थित भएको मा १५ जना लाई नँया सदस्यता बितरण गरिएको थियो ।

३) मिति २०७६/०८/२७ गते बनेपा न.पा ९ लायकुमा रेयुकायू एईको मासुनागा आँखा अस्पतालको प्राबिधिक सहयोगमा एक दिने आँखा शिविर कार्यक्रममा १७६ जना आँखा बिरामीहरुलाई चेकअप गरिएकोमा ६१ जना आँखा रोगिहरुलाई चस्मा तथा औषधी बितरण गरिएको थियो ।

४) २०७६/११/०१ बनेपा न.पा १० जनागाल देबि स्थान पानि ट्याङकीमा वित्तिय साक्षरता कार्यक्रम गरिएकोमा ३४ जना उपस्थित भएको मा ५ जना लाई नँया सदस्यता बितरण गरिएको थियो ।

अन्तमा यस वार्षिक साधारण सभामा पाल्नु भएका मुख्य अतिथि, अतिथिगन, सल्लाहकार, उपस्थित शेयर सदस्य महानुभावहरु, समिति तथा उप-समिति पदाधिकारी र सदस्यहरु र कर्मचारी मित्रहरुबाट यस समूह बचत कार्यक्रम संचालन उप-समितिलाई अझ अगाडी बढाउनुका लागि आफ्नो राय, सल्लाह र सुझाव प्रदान गरी आगामी वर्षमा गरिने कार्यक्रमहरुलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुनेछ भन्ने आशा र विश्वासका साथ समूह बचत कार्यक्रम उपसमितिको वार्षिक प्रतिवेदन यही टुङ्ग्याउन चाहन्छु ।

धन्यबाद, जय सहकारी, जय चण्डेश्वरी

सयोजक : रुकमणी राजभण्डारी

सदस्य : सुवन कुमार प्रधान

सदस्य : दया प्रजापति

सदस्यताका लागि चाहिने आवश्यक कागजात तथा शुल्क :–

१. कार्यक्षेत्र भित्र बसोबास गरेको प्रमाण

२. नागरिकता प्रमाण पत्रको प्रतिलिपि - १ प्रति

३. पासपोर्ट साइजको फोटो - २ प्रति

४ सदस्यता शुल्क - कुनै पनि शुल्क नलाग्ने ।

५. अनिवार्य नियमित १० बर्षे मासिक बचत

६. शेयर न्यूनतम ५ कित्ता

७. ऐच्छिक बचत

ऋण तथा अर्थ व्यवस्थापन उप-समितिको प्रतिवेदन



जय ओम वादे
संयोजक

आज यस संस्थाको २८ औं वार्षिक साधारण सभाका आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू, बिशिष्ट अतिथी महानुभावहरु, विभिन्न संघ संस्था, सहकारी संस्थाबाट पाल्नु भएका प्रतिनिधीज्यूहरु, पत्रकार मित्रज्यूहरु, सल्लाहकारज्यूहरु, संचालक समिति, लेखा सुपरीवेक्षण समिति एवं अन्य उपसमितिहरु, कर्मचारी परिवार लगायत उपस्थित आदरणीय सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा सहकारी अभिवादन ।

आजको यस गरिमामय २८ औं वार्षिक सधारण सभा कार्यक्रममा यहाँहरु समक्ष यस संस्थाको ऋण तथा अर्थ व्यवस्था उपसमितिको बार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

यस संस्था अठाइसौं बसन्त पार गदै गर्दा यस संस्थाले काभ्रे जिल्ला भरिबाट ७४४९ जना सदस्यहरुबाट जम्मा रु. १,०७,५८,६५,९१२/०७ को कारोबार गर्न सफल भएको छ भने आ.ब. ०७६/०७७ मा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफस्कुन)को प्राविधिक सहयोग र एशियाली ऋण महासंघको प्रत्यक्ष स्थलगत परिक्षण आधारमा यस संस्थाले एशियाली स्तरको एक्सेस ब्रोञ्ज ब्राण्ड पदक हासिल गरेका छौं । यस उपलब्धीका लागि संस्था स्थापना देखि हाल सम्म प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा यस संस्थालाई साथ सहयोग र माया दिने शेयर सदस्य, सल्लाहकारहरु, संचालक समिति, लेखा सुपरिबेक्षण समिति, बिभिन्न उप-समिति, कर्मचारी, सहकारीकर्मी र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. र एशियाली ऋण महासंघ प्रति हार्दिक आभार एवं धन्यावाद ज्ञापन गर्दछौ । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (**COVID-19**) को प्रभावका कारण देश भरि नै बन्दाबन्दी(**LOCKDOWN**) भएका हुँदा संस्थालाई पनि ऋण लगानीमा समस्या रहेको साथै ऋणी सदस्यहरुको व्यवसाय बन्द एवं आम्दानीमा असर परेकाले हुँदा ऋण असुलीमा पनि समस्या भएको अवगत गराउर्दछु जस कारण यस आर्थिक बर्षमा जस्तै लगानी र असुलीमा खासै प्रगाति गर्ने सकिएन ।

यस संस्थाले ऋण व्यवस्थापन नीति २०७५ अनुसार यस उप-समितिले पाएको अधिकार क्षेत्र भित्र रहेको ऋण निबेदनको बिश्लेषण, ऋण लगानीको आधारहरु, ऋणको लागि धितो मूल्याङ्कन, छऋ को मूल्याङ्कन आधार अनुसार ऋण प्रवाह गदै आएको छ । ऋण शिर्षक अनुसार रु १० लाख वा सो भन्दा बढीको ऋण लगानीमा संस्थागत मूल्याङ्कनकर्ताद्वारा मूल्याङ्कन गरी मात्र ऋण प्रवाह गदै आएका छौं । साथै संस्थाको ऋणमा निहित जोखिमलाई न्यूनिकरण निमित्त नियमानुसार नै ऋण जोखिम व्यवस्थापन पनि गरि आएको जानकारी गर्दछु ।

१. ऋण लगानी तथा असुली सम्बन्धमा

संस्थाको गत आ.ब.मा कुल कर्जा तथा सापटी हिसाब रु.७४,३२,७६,७०७ /८६ रहेको मा यस आ.व. मा रु.२९,१६,३७७/६० ले कर्जा लगानी वृद्धि भई कुल कर्जा तथा सापटी हिसाब रु.७४,६१,९३,०८५ /४६ रहेको छ । अर्थात कुल सम्पत्तिको ६८.८७ प्रतिशत ऋण लगानी भएको छ । ऋण उपभोग गरेका कुल सदस्य संख्या ७४३ जना रहेको छ । विस्तृत विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

ऋण शिर्षक	गत बर्षको बाँकी ऋण रकम रु	यस बर्षको ऋण लगानी रकम रु	यस बर्षको ऋण असुली रकम रु	यस बर्षसम्म उठाउन बाँकी ऋण रकम रु	अनुपात
चण्डेश्वरी ऋण	२४,७५६,३८९.५२	२१७७७०००.००	३८३४६७९२.४२	८१८६५९७.१०	१.१०%
नियमित ऋण	८,०४६,९४८.०७	०.००	६९७३५५१.३६	१०७३३९६.७१	०.१४%
घर /जग्गा खरिद ऋण	४२,१३८,२६७.४२	१२०९६०००.००	२१४७३११२.४७	३२७६११५४.९५	४.३९%

ऋण शिर्षक	गत बर्षको बाँकी ऋण रकम रु	यस बर्षको ऋण लगानी रकम रु	यस बर्षको ऋण असुली रकम रु	यस बर्षसम्म उठाउन बाँकी ऋण रकम रु	अनुपात
शैक्षिक ऋण	१७,९०२,०४१.०७	६८००००.००	१३६४१८८०.५१	११०६०१६०.५६	१.४८%
धनजमानी ऋण	१०,३३८,७२३.४८	१४२४१०००.००	१२०३९०५४.२३	१२५४०६६९.२५	१.६८%
बैदेशिक रोजगार ऋण	५९,०३६.११	०.००	५९०३६.११	०.००	०.००%
सेवा व्यवसाय ऋण	७,७७८,२९४.५०	१५००००.००	५२१४०१.३६	८७५६८९३.१४	१.१७%
हार्यर पर्चेज ऋण	२२४,९८१,६५५.६७	१०९१२५०००.००	९८८०८९४८.३६	२३५२९७७०७.३१	३१.५३%
व्यवसाय प्रबद्धन शुलभ ऋण	११३,००१,२२८.७९	१८१८९४९२८.९८	२०४४६७३३७.६७	९०४२८८२०.१०	१२.१२%
कृषि ऋण	५,६७६,५०६.९४	१६५०००.००	२१०६९०७.८७	५२१९५९९.०७	०.७०%
साना तथा मझौला उद्योग ऋण	४,५२४,१११.८०	१४००००.००	९२२०६७.१९	५००२०४४.६१	०.६७%
औद्योगिक	२,६०३,३९०.१७	७०००००.००	१७६१४४०.५६	७८४१९४९.६१	१.०५%
खरखाचो ऋण	१०,५५८,४४२.३५	११०७५०००.००	६६९२६३६.२१	१४९४०८०६.१४	२.००%
व्यापार ऋण	११३,४१४,९६९.१७	८४४९९०००.००	४७४४३८९१.३०	१५०४७००७७.८७	२०.१७%
घरनिर्माण ऋण	१५५,३२०,३५०.६०	३७३००००.००	३१७९६१६१.२७	१६०८२४१८९.३३	२१.५५%
मर्मत संम्भार ऋण	२,१५१,१६८.४२	५००००.००	१०१५६२५.१८	१६३५५४३.२४	०.२२%
उठाउन बाँकी अतिरिक्त ऋण	२५,१८३.७८	१२८२९२.६९	०.००	१५३४७६.४७	०.०२%
जम्मा	७४३,२७६,७०७.८६	४९०९८६२२१.६७	४८८०६९८४४.०७	७४६१९३०८५.४६	१००.००%

२. ऋण सीमा तथा अख्तियार सम्बन्धमा

ऋण लगानी प्रक्रियालाई छिटो छरितो र ऋण कारोबार सरल सुलभ बनाउन ऋण व्यवस्थापन नीति २०७५ ले दिएको अधिकार अनुसार कर्मचारी व्यवस्थापनबाट दश लाख रुपैंया सम्म र ऋण तथा अर्थ व्यवस्थापन उप-समिति बाट चालिस लाख रुपैंया सम्म र सञ्चालक समितिबाट अधिकतम एक करोड रुपैंया सम्म ऋण स्वीकृत गरि लगानी गर्न सकिने व्यहोरा जानकारी गराउछौं । साथै प्रत्यक ऋण शिर्षक अनुसार पनि सीमा निधारण गरिएको छ ।

३. ऋण जोखिम र जोखिम व्यवस्थापन

क. ऋण जोखिम गणना :-

क्र.सं.	विवरण	आषाढ ०७६	% मा	आषाढ ०७७	% मा
११	असल ऋण (भाखा ननाघेका)	७२३,३७१,१४७.६२	९७.३२	७२१६८४०६०.१	९६.७२%
२२	कमसल ऋण (१ महिना सम्म भाखा नाघेका)	९,३७१,३०५.०६	१.२६	९४१४०४२.१२	१.२६%
३३	शंकास्पद ऋण (२ महिना देखि १२ महिना सम्म भाखा नाघेका)	७,८९३,१२६.३०	१.०६	१४९०२५०८.९४	२.००%
४४	खराव ऋण (१२ महिना भन्दा माथि भाखा नाघेको)	२,६४१,१२८.८८	०.३६	१९२४७४.२९	०.०३%
	जम्मा	७४३,२७६,७०७.८६	१००	७४६,१९३,०८५.४६	१००.००%

ख. ऋण जोखिम व्यवस्थापन :-

क्र.सं.	विवरण	जोखिम व्यवस्थापन	आषाढ ०७६	आषाढ ०७७
१	असल ऋण	१ प्रतिशत	७२३३७११.४८	७,२२८,६५४.७८
२	कमसल ऋण	१ प्रतिशत	९३७१३.०५	९४१४०.४२१२
३	शंकास्पद ऋण	३५ प्रतिशत	२७६२५९४.२१	५,२१५,८७८.१३
४	खराव ऋण	१०० प्रतिशत	२६४११२८.८८	१९२,४७४.२९
	जम्मा		१२,७३१,१४७.६२	१२,७३१,१४७.६२

४. कार्य सम्पादन

- आ.ब. २०७६/०७७ मा ऋण तथा अर्थव्यवस्थापन उप-समितिको बैठक ३१ पटक बसी ऋण स्वीकृत र सिफारिस गरी ४९,०९,८६,२२१/६७ ऋण लगानी र रु ४८,८०,६९,८४४/०७असुली गर्न सफल भएका छौं ।
- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को प्रभावका कारण देश भरि नै बन्दाबन्दी(LOCKDOWN) भएका हुँदा संस्थाले गरेका ऋण लगानीमा २०७७ आषाढ मसान्त सम्म बन्दाबन्दी (LOCKDOWN) देखि लाग्ने बिलम्ब शुल्क तथा जरिवाना सबै छुट गरेका थिए भन्ने २०७७ आषाढ २० गते सम्ममा ऋणको किस्ता साँवा व्याज भुक्तान गर्नेलाई बन्दाबन्दी समयमा लागेको व्याजमा १०% र व्याज मात्र भुक्तान गर्नेलाई ५% छुट प्रदान गरिएका थिए ।
- आ.ब. २०७५/०७६ को संरक्षित पूँजि फिर्ता कोषबाट नियमित किस्ता भुक्तान गर्ने ५९६ जना ऋणी सदस्यहरुलाई संरक्षित पूँजि फिर्ता कोष-२०७३ बमोजिम रु ४२,४७,९३१/७४ रकम बाँडफाँड गरिएको छ । त्यसैले प्रत्येक ऋणी सदस्यहरुले ऋणको किस्ता (साँवा र व्याज) भुक्तानी तालिका अनुसार समयमा भुक्तानी गरि संरक्षित पूँजि फिर्ताकोष बितरण गरिने सुविधाबाट लाभान्वीत हुन अनुरोध गर्दछु ।
- भाखा नाघेका ऋणहरुलाई असुल उपर गर्न ऋण व्यवस्थापन नीति २०७५ अनुसार ऋण उप-सिमिति र कर्मचारीहरु सयुक्त रुपमा ऋणी सदस्यहरुको घरदैलोमा गई भेटघाट गरियो ।

५. आगामी ऋण प्रबर्द्धन कार्ययोजना

- आ.ब. ०७७।०७८ को बार्षिक कार्यक्रम योजना अनुसार ऋण लगानी प्रबर्द्धन कार्यक्रम बर्ष भरिमा ४ पटक कार्यक्रम सञ्चालन गरिने छ ।
- कोरोना भाइरस (COVID-19) को प्रभावका कारण व्यापार, व्यवसाय, उद्योगका साथै आफ्नो नोकरीमा परेको असरले आम्दानी घट्न गई ऋणको किस्ता तिर्न नसकेका ऋणी सदस्यहरुलाई ऋणमा पुर्न तालिकीकरण गर्नका साथै किस्ता तिर्ने समयवाधिको थपका लागि कार्यबिधि तयार गरी लागु गरिने छ ।
- कोरोना भाइरस (COVID-19) को कारण लकडाउन भई व्यवसायहरु बन्द हुन गई व्यवसायीक ऋणी सदस्यहरुलाई व्यवसाय पुर्न संचालनमा ल्याउनका वा पुँजी थप निमिति आवश्यक पुर्न कर्जा कार्यबिधि तयार गरी लगानी गरिने छ ।
- ऋण प्रवर्द्धन कार्यक्रममा KYM अनुसार सदस्यहरुको पेशा र उमेर अनुसार वर्गीकृत गरी ऋण शिर्षकको आधारमा सदस्यहरुको आवश्यकता बिश्लेषण गरि नँया आवश्यक ऋण प्रवर्द्धन कार्यक्रम तयार गरिने छ ।
- संस्थाको कुल सदस्यको करिब १० प्रतिशत सदस्यहरुको मात्र ऋण उपभोग गरिरहेको अवस्थामा वजार बिश्लेषण गरी अन्य सदस्यहरुलाई पनि ऋण कारोबारमा सहभागिता जनाउन प्रात्साहित गर्नेछ ।
- कोरोना भाइरस (COVID-19) को कारण रोजगारी गुमेका सदस्यहरुलाई आत्मानिर्भरताको लागि व्यवसाय गर्न चाहने सदस्यहरुलाई यस संस्थाबाट कृषि तथा पशुपालन, साना तथा मझौला उद्योग ऋण, सेवा व्यवसाय ऋण र उद्योग ऋणमा थप सहुलियत व्याजदरमा ऋण प्रदान गरिनेछ ।
- प्रत्येक नँया सदस्यलाई प्रदान गरिने सहकारी शिक्षा कार्यक्रममा ऋण प्रवर्द्धन कार्यक्रममा पनि समावेश गरिने छ ।

अन्तमा आजको सहकारी मूल मन्त्र "आर्थिक समृद्धि र सामाजिक रुपान्तरण" भन्ने नारालाई आत्मसात गदै सहकारी ऐन, नियमावली, संस्थाको बिनियम, नीति, कार्यबिधी अनुरुप ऋण लगानी र असुली गदै सम्पूर्ण सदस्यहरुको बित्तिय आवश्यकता पूरा गर्ने तर्फ प्रयास गदै आएको यहालाई अवगत नै छ । सफल उद्यमशिलताबाट रोजगारी तथा स्वरोजगारका अवसरको सृजना तथा दिगो र फराकिलो आर्थिक बृद्धिका लागि आधार बिकाश गर्न अग्रसर रहेको यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.लाई सहयोग र निरन्तर साथ दिने सम्पूर्ण आदरणिय सदस्यहरुज्यूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । भविष्यमा पनि यँहाहरुको अमूल्य सल्लाह सुझावको अपेक्षा सहित यस ऋण तथा अर्थ व्यवस्थापन उप-समिति प्रतिवेदन समापन गर्न अनुमती चाहन्छु ।

जय सहकारी ! जय चण्डेश्वरी !!

संयोजक : जय ओम बादे

सदस्य : रमेश काजी श्रेष्ठ

सदस्य : हेमन्त राज प्रधान

२०७७ भाद्र ३ गते देखि लागुहुनेगरी कायम गरीएको
बचत तथा ऋणका व्याजदर

बचत कार्यक्रम			ऋण कार्यक्रम		
क्र.सं..	बचत किसिम	ब्याजदर	क्र.सं.	ऋण किसिम	ब्याजदर
१.	नियमित बचत कार्यक्रम	६%	१.	कृषि तथा पशुपालन	१०%
२.	नियमित मासिक ऐच्छिक बचत	५%	२.	साना तथा मझौला उद्योग संचालन	११%
३.	घरदैलो बचत कार्यक्रम	५%	३.	औद्योगिक ऋण	११%
४.	दैनिक बचत कार्यक्रम	५%	४.	व्यापार व्यबसाय	१२%
५.	बिशेष बचत कार्यक्रम	५%	५.	सेवा व्यबसाय	१०%
६.	लघुबित्त बचत कार्यक्रम	५%	६.	बैदेशिक रोजगार	१३%
७.	व्यापारीक बचत कार्यक्रम	५%	७.	हायरपर्चेज चारपाङ्गे ऋण लगानी	१३%
८.	जेष्ठ नागरिक बचत कार्यक्रम	५.५%	८.	हायरपर्चेज दुईपाङ्गे ऋण लगानी	१३%
९.	नरनारी बचत कार्यक्रम	५.५%	९.	घर निर्माण ऋण लगानी	१२.५%
१०.	चाँडपर्ब बचत कार्यक्रम	५.५%	१०.	घर/जग्गा खरिद	१३%
११.	बाल बचत	६%	११.	खरखाचो ऋण	१३%
१२.	आबधिक बचत कार्यक्रम		१२.	अतिरिक्त पाउनुपर्ने ऋण लगानी	शिर्षक अनुसार
	३ महिना चण्डेश्वरी बचत	एकमुष्ट ८%	१३.	व्यबसाय प्रबर्द्धन शुलभ ऋण	१३%
	६ महिना चण्डेश्वरी बचत	एकमुष्ट ८.५%	१४.	शैक्षिक ऋण	१३%
	१ बर्ष चण्डेश्वरी त्रैमासिक र बार्षिक	त्रैमासिक ९%	१५.	मर्मत सम्भार ऋण	१३%
	१ बर्षमाथि अधिकतम ३ बर्षसम्म	त्रैमासिक ९%	१६.	धन जमानत ऋण लगानी	१४%
			१७.	चण्डेश्वरी(आबधिक) ऋण लगानी	थप २%

संस्थाबाट संचालित बचत तथा ऋण कार्यक्रमहरु

















टिपोर्ट